# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक १५८ | काठमाडौं | शुक्रबार, ११ असोज २०८१ | Prabhab National Daily | Friday, September 27, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


वर्षाको उच्च जोखिम

## दुई दिन रात्रि बस नचलाउन आग्रह

- रातको समयमा यात्रा गर्दा पहिरो तथा बाढीको आँकलन गर्न कठिन हुने भएकोले उच्च जोखिम रहेका हिमाली तथा पहाडी जिल्लाहरूमा असोज ११ र १२ गते रात्रिकालीन बस नचलाउने
- धान नकाट्ने, काटिसकेको भए चाँडो भित्र्याउने
- विपद्को समयमा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती, बालबालिकाको विशेष ध्यान राख्ने

■ **प्रभाव संवाददाता**



**बैतडीको पाटन–पञ्चेश्वर सडकखण्डको अर्तोलामा खसेको पहिरोका कारण अवरुद्ध बनेको सडक ।** *रासस*

**काठमाडौं–** राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्रधिकरणले हिमाली र पहाडी जिल्लामा आज र भोलि राति बस नचलाउन आग्रह गरेको छ । मौसम विज्ञान विभागले बुधबार देशभरका ५६ जिल्लामा अति भारी वर्षा हुनसक्ने पूर्वानुमान गरेसँगै प्रधिकरणको मनसुन पूर्वतयारी तथा प्रतिकार्य कमान्ड पोस्टको बैठकले उक्त आग्रह गरेको हो ।

प्राधिकरणले विशेष सूचना जारी गर्दै पहिरो तथा बाढीको आँकलन गर्न कठिन हुने भएकोले दुई दिन रात्रीकालीन बस नचलाउने आग्रह गरेको हो । 'रातको समयमा यात्रा गर्दा पहिरो तथा बाढीको आँकलन गर्न कठिन हुने भएकोले उच्च जोखिम रहेका हिमाली तथा पहाडी जिल्लाहरूमा असोज ११ र १२ गते रात्रिकालीन बस नचलाउने' प्रधिकरणका प्रवक्ता डा डिजन भट्टराईले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

मौसम विभागले बुधबार विशेष मौसम बुलेटिन सार्वजनिक गर्दै मौसम बदलीका कारण बिहीबारबाट देशभर लगातार वर्षा हुने र ५६ जिल्ला उच्च जोखिममा रहेको प्रक्षेपण गरेको छ । बंगालको खाडीबाट प्रवाह भएको न्यूनचापीय प्रणालीको प्रभावका कारण मौसम बदली हुन लागेको हो । विभागका अनुसार धनकुटा, तेह्रथुम, खोटाङ, ओखलढुंगा, भोजपुर, इलाम, पाँचथर, मकवानपुर, धादिङ, नुवाकोट, रसुवा, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, सिन्धुली, रामेछाप, म्याग्दी, बागलुङ, तनहुँ, स्याङ्जा, कास्की, पर्वत, लमजुङ, गोरखा, मनाङ, रुकुमपूर्व, रोल्पा, गुल्मी, प्युठान, अर्घाखाँची, पाल्पा, जाजरकोट, रुकुमपश्चिम, दैलेख, सुर्खेत, सल्यान, डोटी, कैलाली, अछाम, मुगु, हुम्लालगायतका पहाडी तथा हिमाली क्षेत्रमा अति भारी वर्षा हुँदैछ । गत असार २८ गते वर्षाका कारण आएको पहिरोमा परी दुई वटा बस त्रिशुली नदीमा खसेको थियो । बसमा सवार ४८ यात्रु बेपत्ता भएका थिए । प्राधिकरणले यी उच्च जोखिममा रहको जिल्लाहरूमा धान नकाट्नसमेत आग्रह गरेको छ ।

(क्रमशः पृष्ठ २ मा)

## दश प्रधानन्यायाधीश फेरिए न्यायकै पर्खाइमा पूर्णीमाया



अब मैले जसलाई मुद्दा हालें, उनी र मेरा परिवार नै मरेपछि मुद्दाको फैसला हुने होला

■ **पूर्णीमाया लामा**
**अर्जुन लामापत्नी**



संवैधानिक र कानुनी प्रश्नमा अन्तिम न्याय निरूपण हुन्छ र फैसला आउँछ भनिएको थियो । बेन्चले पनि त्यही भएर पटक–पटक निर्णय सुनाउने मिति तोकेको थियो । त्यो मिति टऱ्यो तर अन्तिममा जुन आदेश आयो त्यो अचम्म मान्नुपर्ने देखिएको छ

■ **ओमप्रकाश अर्याल**
**अधिवक्ता**

■ **जेबी योञ्जन**

**काठमाडौं–** काभ्रेकी पूर्णीमाया तामाङ बुधबार आफ्ना पति अर्जुन लामाको हत्यासम्बन्धी मुद्दाको किनारा लाग्नेगरि फैसला आउने आशामा थिइन् । उनलाई आफ्ना कानुन व्यवसायी ओमप्रकाश अर्यालले फैसला आउने जानकारी दिएका थिए । सर्वोच्चले नै बुधबार मुद्दामा निर्णय सुनाउने दिन तोकेको थियो । पूर्णीमाया आफ्नो पक्षमा फैसला आउनेमा ढुक्क थिइन् । आदेश त आयो तर, फरक ।

बिहीबार त अझ चकित पार्नेगरिको आदेश आयो सर्वोच्चबाट । त्यो हो, जिल्ला प्रहरी कार्यालय काभ्रेबाट जाहेरी दरखास्त र सो सम्बन्धमा हालसम्म भएको काम कारबाहीसम्बन्धी सक्कलै फाइल झिकाउनू । अदालतको यस्तो आदेश पूर्णिमाको आशाविपरीतको हो ।

'बिहान सर (अधिवक्ता अर्याल)ले फोन गर्छु र सुनाउँछु भन्दै हुनुहन्थ्यो । फोन गर्नुभएको छैन तर मुद्दा उल्टियो भन्ने छ । म त त्याय पाउने दिन आयो भन्दै थिएँ, अब मैले जसलाई मुद्दा हालें, उनी र मेरा परिवारनै मरेपछि मुद्दाको फैसला हुने होला ।' पूर्णीमाया १२ वर्षदेखि न्यायको लडाइँमा छिन् । यसबीचमा ६३ पटक मुद्दाको पेसी तोकियो । तर, कहिले हेर्न नमिल्ने, हेर्न नभ्याइनेलगायत कैफियतमा लेखियो । 'अब न्याय पाउने आसामा म हारिसकें,' पूर्णीमाया निराश सुनिइन्, 'मलाई मुद्दामा यस्तो विलम्ब होला भन्ने लागेकै थिएन ।'

पूर्णीमायाले नेता अग्निप्रसाद सापकोटाविरुद्ध आफ्ना पतिको हत्या आरोपमा मुद्दा दर्ता गरेका हुन् । माओवादीकै अर्का सांसद सूर्यमान दोङ पनि यो प्रकरणमा मुछिएका छन् । तर,



मुद्दाका पीडित पक्षले पाउने न्यायमा ढिलासुस्ती भइरहेको छ । यसअघि यस मुद्दामा संवैधानिक इजलासले तीनपटक निर्णय सुनाउने मिति तोकेर सार्दै आएको थियो । चौंथो पटक पनि फैसलाका लागि संवैधानिक इजलासमा पेसी चढेको थियो । तर प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, न्यायाधीशहरू प्रकाशमान सिंह राउत, सपना प्रधान मल्ल, प्रकाशकुमार ढुंगाना र कुमार रेग्मी रहेको इजलासले मुद्दामा कुनै निर्णय नदिई अन्य आदेश दियो ।

बिहीबार त इजलासले पीडितको जाहेरीसँगै अनुसन्धान प्रतिवेदन र कागजातहरू बुझाउन आदेश इजलासबाट आयो । 'मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन नगर्नु र जाहेरीअनुसार अनुसन्धान कारबाही अगाडि बढाउनु भनी यस अदालतबाट पटक पटक आदेश भइसकेको परिप्रेक्ष्यमा अदालतको अन्तरिम आदेशपश्चात हालसम्म अनुसन्धानको कारबाही सम्पन्न भयो भएन ? नभएको भए के कारणबाट हुन नसकेको हो ?,' अदालतको आदेशमा उल्लेख छ ।

यो मुद्दा २०८१ वैशाख १२ गते संवैधानिक इजलासमा पेसी चढेर हेर्दाहेर्दैमा थियो । त्यसपछि निरन्तर सुनुवाइ गरेर सर्वोच्चले जेठ २३ लाई निर्णय सुनाउने दिन तोकेको थियो । त्यसपछि निर्णय सुनाउने भनेर तोकिएको साउन २३ र भदौ १२ गते पनि निर्णय आएन । चौंथो पटक असोज ९ गतेलाई निर्णय सुनाउने दिन तोकिएको थियो । तर, फैसला आएन ।

जबकि, प्रधानन्यायाधीश श्रेष्ठ यही २० असोजदेखि अवकाशमा जाँदैछन् । उनले अवकाश पाइसकेपछि नयाँ बन्ने प्रधानन्यायाधीश सम्मिलित संवैधानिक इजलासमा अरू न्यायाधीशको सहभागिता हुनेछ र यो मुद्दा शुरूदेखि सुनुवाइ गर्नुपर्नेछ । निर्णय सुनाउने दिन तोकिसकिएको मुद्दामा सम्बन्धित कोही एक जना न्यायाधीश बाहिरिए नयाँ इजलासमा त्यस्तो मुद्दा शुरूआती सुनुवाइतर्फ जान्छ ।

पूर्णीमायाको तर्फबाट अदालतमा बहस गर्दै आएका अधिवक्ता ओमप्रकाश अर्याल निर्णय सुनाउने भनी पटक-पटक पेसी तोकिएको मुद्दामा अदालतबाट बुधबार अचम्मको आदेश आएको बताउँछन् । 'संवैधानिक र कानुनी प्रश्नमा अन्तिम न्याय निरूपण हुन्छ र फैसला आउँछ भनिएको थियो । बेन्चले पनि त्यही भएर पटक-पटक निर्णय सुनाउने मिति तोकेको थियो । त्यो मिति टऱ्यो तर अन्तिममा जुन आदेश आयो त्यो अचम्म मान्नुपर्ने देखिएको छ,' अर्यालले भने । २०६८ सालमा सापकोटा मन्त्री भएपछि हत्या आरोप लागेका व्यक्तिलाई मन्त्री नबनाउन अन्तरिम आदेश माग्दै कनकमणि दीक्षितले सर्वोच्चमा रिट हाले । सुरुमा प्रहरीले जाहेरी दर्ता गर्नै मानेन ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**


## रेमिट्यान्स सुरूआती महिनामै भित्रियो झण्डै १३७ अर्ब

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** मुलुकमा चालु आर्थिक वर्ष २०८१/८२ को सुरुआती महिना अर्थात् साउनमा झण्डै एक खर्ब ३७ अर्बको विप्रेषण (रेमिटचान्स) भित्रिएको छ । नेपाल राष्ट्र बैंकले बिहीबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार गत आवको साउनभन्दा विप्रेषण आप्रवाह १८ प्रतिशतले वृद्धि भई एक खर्ब २६ अर्ब ९३ करोड रूपैयाँ पुगेको छ । यो वृद्धिदर अघिल्लो वर्षको सोही अवधिमा २२.८ प्रतिशत रहेको राष्ट्र बैंकको तथ्याङ्कले देखाएको छ ।

राष्ट्र बैंकको प्रतिवेदनअनुसार गत आर्थिक वर्षमा मासिक रूपमा औसत एक खर्ब २० अर्बको हाराहारीमा विप्रेषण भित्रिएको देखिएको छ । अघिल्लो वर्ष मासिक रूपमा औसत १०१ अर्ब बराबरको विप्रेषण भित्रिएको थियो । राष्ट्र बैंकको तथ्याङ्कअनुसार कोभिड महामारीपछि विप्रेषण आप्रवाह निरन्तर वृद्धि भएको देखिएको छ ।

समीक्षा अवधिमा अमेरिकी डलरमा हुने विप्रेषण आप्रवाहमा पनि उल्लेख्य वृद्धि भएर एकअर्ब दुई करोड पुगेको छ । गत आवको सोही अवधिमा यस्तो आप्रवाह ८७ करोड ९८ लाख थियो । तसर्थ मुलुकको अर्थतन्त्रको करिब २५ प्रतिशत हिस्सा विप्रेषणले ओगटेको विभिन्न अध्ययनले देखाएको छ । विप्रेषणकै कारण विदेशी मुद्रा सञ्चितीसमेत बढेको राष्ट्र बैंकले



उल्लेख गरेको छ ।

यसैगरी चालु आर्थिक वर्षको यस अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या ३६ हजार ९२८ जना रहेको तथ्याङ्कमा देखाइएको छ । साथै, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा २२ हजार ६४७ जना रहेका छन् । अघिल्लो वर्षको सोही अवधिमा विदेशिने यस्तो संख्या क्रमशः ३९ हजार १२५ र १६ हजार ४२३ रहेको थियो । गत आवको साउन महिनामा भन्दा चालु आवको सोही अवधिमा विदेश जाने नेपालीको संख्या भने कम देखिएको छ ।

मुलुकमा रोजगारीको पर्याप्त अवसर नहुँदा दैनिक करिब दुई हजारको संख्यामा नेपाली युवा वैदेशिक रोजगारीमा गइरहेको वैदेशिक रोजगार विभागको तथ्याङ्कले देखाएको छ । यसरी विदेशिने श्रमिकहरूले पठाउने रेमिटचान्सबाटै मुलुकको अर्थतन्त्र चलिरहेको विभिन्न अध्ययनलेसमेत देखाएको छ । पछिल्लो समय सरकारले जीटुजी सम्झौतामार्फत रोमानिया, जर्मनी र जापानमा कामदार पठाउने बाटो खुला गरेपनि अपेक्षित रूपमा नेपालीहरू जान नपाएका कारण रेमिटचान्समा बढोत्तरी हुन नसकेको वैदेशिक रोजगार व्यवसायी बताउँछन् ।

यद्यपि मलेसिया तथा खाडी मुलुक गएका नेपाली श्रमिकले पठाएको रेमिटचान्सबाटै विदेशी मुद्रा सञ्चितीमा योगदान पुगेको उनीहरूको भनाई छ । यतिमात्र नभई युरोपमा भइररहेको मागपत्र प्रमाणीकरण समस्या हल भई नेपालीहरू रोजगारीको लागि जाने अवस्था सिर्जना हुन सके थप विदेशी मुद्रा आर्जन गर्ने र रेमिटचान्समा उल्लेख्य वृद्धि हुने बताइएको छ ।

## आइरिस प्रणाली लागू गर्न विभागको निर्देशन

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार विभागले असोज १३ गतेदेखि लागू हुने गरी अभिमुखीकरण तालिमप्रदायक संस्थाहरूलाई व्यवस्था गर्न निर्देशन दिएको छ । विभागले असोज ८ गतेको निर्णयअनुसार अभिमुखीकरण संस्थाहरूलाई फेसटाइम एटेन्डेन्स, आँखाको रेटिना रेकर्ड गर्ने आइरिस रेकग्निजेसन प्रणाली र देशगत क्लस्टरअनुसार तालिम सञ्चालन गर्ने व्यवस्था मिलाउन निर्देशन दिएको हो ।

विभागले सूचना जारी गर्दै २०८१/०४/२९ गतेको मन्त्रीस्तरीय निर्णय तथा विभागको असोज ८ गतेको निर्णय कार्यान्वयन गर्न आवश्यक प्राविधिक तयारी पुरा भएको भन्दै सोहीअनुसार तालिम सञ्चालन गर्नुपर्ने उल्लेख गरेको छ । यसअघिको मन्त्रीस्तरीय निर्णयमा तयारी नपुगेको भन्दै व्यवसायीले समय माग गरेका थिए ।

वैदेशिक रोजगारमा जाने व्यक्तिलाई नपढाई हाजिरीमात्रै गराउने गरेको गुनासो बढेपछि श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गत वर्ष नै अभिमुखीकरणसम्बन्धी कार्यविधि जारी गरेर आईरिस प्रणाली लागू गराउन खोजेको थियो व्यवस्था गरेको थियो । तर कार्यविधि कार्यान्वयनमा आउन नसक्दा तालिमप्रदायक संस्थाले पुरानै प्रणालीमा तालिम दिँदै आएका थिए ।




# तीन जना दुबईबाट पक्राउ

■ प्रभाव संवाददाता

**काठमाडौँ–** नेपाल प्रहरीले ठगीसम्बन्धी कसूरको मुद्दा र जबरजस्ती करणी कसूरसम्बन्धी मुद्दामा इन्टरपोलबाट 'रेड नोटिस' जारी भएका तीन जना फरार प्रतिवादीलाई दुबईबाट पक्राउ गरी नेपाल ल्याएको छ ।

यसरी पक्राउ पर्नेमा ठगीसम्बन्धी कसूर मुद्दाका फरार प्रतिवादी पाँचथर मिक्लाजुङ गाउँपालिका-४ ठेगाना भएका ४२ वर्षीया भुपेन्द्र बोहोरा र काठमाडौँ नागार्जुन नगरपालिका-९ बस्ने २८ वर्षीय रियाज भन्ने कबिर बुढाथोकी रहेका प्रहरीले जनाएको छ ।

जबरजस्ती करणी कसूरसम्बन्धी मुद्दाका फरार प्रतिवादी मकवानपुर ईन्द्रसरोवर गाउँपालिका-५ घर भई हाल काठमाडौँ चन्द्रागिरी नगरपालिका-१० बस्ने २६ वर्षीय रोमन कार्की रहेका छन् । उनीहरूलाई सम्बन्धित मुद्दामा कारबाही गर्ने/गराउने प्रयोजनार्थ काठमाडौँ ल्याइएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

पक्राउ परेकामध्ये भुपेन्द्र बोहोरालाई अन्तर्राष्ट्रियस्तरमा खोजतलास एवं पक्राउ गर्नका लागि नेपाल प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो लाजिम्पाटबाट अनुरोध भएपश्चात् इन्टरपोल महासचिवालयबाट विसं २०७९ जेठ १६ गते रेड नोटिस जारी भएको थियो ।

यस्तै काठमाडौँ उपत्यका प्रहरी कार्यालय अपराध अनुसन्धान शाखा रानीपोखरीबाट अनुरोध भएपश्चात् इन्टरपोल महासचिवालयबाट विसं २०७० साउन २४ गते कबिर बुढाथोकी र विसं २०८१ असार १२ गते रोमन कार्की विरुद्ध रेड नोटिस जारी भएको कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक विनोद घिमिरेले जानकारी दिए ।

भुपेन्द्रलाई नेपाल प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरोमा तथा कबिर र रोमनलाई जिल्ला प्रहरी परिसर काठमाडौँमा आवश्यक अनुसन्धान एवं कारवाहीका लागि आज बुझाइएको नेपाल प्रहरी प्रधान कार्यालय इन्टरपोल शाखाले जनाएको छ ।

## पृष्ठ १ बाट क्रमशः

### दश प्रधानन्यायाधीश...

पछि सर्वोच्चको आदेशअनुसार प्रहरीले २०७२ मा जाहेरी त लियो तर सर्वोच्चबाटै न्याय निरूपणमा उदासिनता प्रकट भएको छ । लामाको अपहरणपछि हत्या भने १६ वैशाख २०६२ मा हत्या भएको थियो । प्रहरीले पटक्कै जाहेरी लिन नमानेपछि पूर्णीमाया सर्वोच्च पुगिन् र सर्वोच्चले नै २०६४ सालमा जाहेरी दर्ता गर्न अदालत दर्ता गर्न सर्वोच्चले आदेश दिएको थियो।

यससँगै पूर्णीमायाले माओवादी नेता सापकोटा, दोङसमेत ६ जनाविरूद्ध २०६५ साउन २६ मा जिल्ला प्रहरी कार्यालय काभ्रेमा जाहेरी दिएकी थिइन् । जाहेरी दर्ता भएर अनुसन्धानका लागि पक्राउ पूर्जी जारी भएको थियो । तर, न आरोपी पक्राउ परे, आरोप लगाउने नै । यसपछि पूर्णीमायाले २०६९ मंसिर ७ मा सर्वोच्चमा रिट दायर गरेकी थिइन् । त्यतिबेला खिलराज रेग्मी प्रधानन्यायाधीश थिए । उक्त रिटमा सुनुवाइ गर्दै २०६९ मंसिर ११ मा सर्वोच्चले मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको थियो । त्यसपछि निरन्तर अघि बढेको यो मुद्दा सुनुवाइका लागि ६३ पटक पेसी तोकिएको छ । यो समयमा केही पटक सुनुवाइ भएर आदेश भए पनि अधिकांश समय मुद्दा हेर्न नभ्याइने, बेन्च नबस्ने र हेर्न नमिल्नेमा पर्दै आएको थियो।

पछि न्यायाधीशहरू सुशीला कार्की र ओमप्रकाश मिश्रको इजलासले २०७२ चैत २२ मा मुद्दा संवैधानिक इजलासमा जाने आदेश गरेको थियो । २०७४ असोज २७ मा तत्कालीन प्रधानन्यायाधीश गोपाल पराजुली नेतृत्वको संवैधानिक इजलासमा पेसी तोकिए पनि बेन्च बस्न भ्याएन । त्यसपछि २०७४ पुस ७ मा न्यायाधीशद्वय केदारप्रसाद चालिसे र तेजबहादुर केसीको संयुक्त इजलासमा हेर्न नभ्याइनेमा पऱ्यो ।

२०७४ फागुन १६ मै प्रधानन्यायाधीश गोपाल पराजुलीकै संवैधानिक इजलासमा तोकिए पनि बेन्च बस्न भ्याएन । २०७५ फागुन ३ मा प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरा नेतृत्वको संवैधानिक इजलासमा तोकियो र हेर्दाहेर्दैमा रह्यो । फेरि फागुन १५ मा पनि हेर्दाहेर्दैमा भयो ।

तत्कालीन प्रधानन्यायाधीश जबरा नेतृत्वको संवैधानिक इजलासले २०७६ असार २५ मा अन्य आदेश गऱ्यो । २०७६ असोज २९ मा हेर्न नभ्याइनेमा पऱ्यो । यसपछि पनि पटकपक २०७६ फागुन ३०, २०७७ पुस ३, २०७७ माघ २३, २०७८ वैशाख ८ मा पनि मुद्दा हेर्न नभ्याइनेमा परेको थियो ।

२०७८ भदौ १६ र असोज १३ मा हेर्न नमिल्नेमा परेको थियो । २०७९ वैशाख १४ मा तत्कालीन कामु प्रधानन्यायाधीश दीपककुमार कार्की नतृत्वको संवैधानिक इजलासमा हेर्न नमिल्ने भयो । २०७९ पुस ६ र फागुन ३ मा तत्कालीन प्रधानन्यायाधीश हरिकृष्ण कार्कीको नेतृत्वको संवैधानिक इजलासमा हेर्न नभ्याइनेमा नै परेको थियो । कार्कीपछि विश्वम्भरप्रसाद श्रेष्ठ प्रधानन्यायाधीश बने । उनी नेतृत्वको संवैधानिक इजलासमा २०८० कात्तिक २२ र माघ २४ मा हेर्न नभ्याइनेमा परेको थियो ।

२०८१ वैशाख १२ देखि भने श्रेष्ठ नेतृत्वकै संवैधानिक इजलासमा पेसी तोकिएर मुद्दा हेर्दाहेर्दैमा थियो । त्यसयता हेर्दाहेर्दैमा राखेर तीन पटकसम्म पनि निर्णय सुनाइएको थिएन ।

● ● ●

### दुई दिन...

त्यसैगरी मधेश क्षेत्रमा भुइँतलामा अन्नपात नराख्न आग्रह गरेको छ । बाढीजन्य जोखिमका घटना बढ्न सक्ने संभावनालाई मध्यजनगर गरी कञ्चनपुरका स्थानीय तहले पनि सर्वसाधारणलाई सचेत पार्ने कार्य अगाडि बढाएका छन् । बाढीको उच्च जोखिम रहेका क्षेत्रमा नगर प्रहरी परिचालन गरी सर्वसाधारणलाई सचेत पार्ने कार्य हुन थालेको हो । स्थानीय तहहरूले नदी तटीय क्षेत्रमा बसोवास गर्ने सर्वसाधारण, विपदमा खटिने विषयगत शाखाहरू, स्थानीय विपद व्यवस्थापन समिति, वडा कार्यालय, वडा व्यवस्थापन समिति, सामुदायिक विपद व्यवस्थापन समितिलाई सतर्क अवस्थामा राखेको छ । वर्षाले विशेष गरी कृषिमा बढी प्रभाव पार्ने भएकाले सो अवधिमा धानबाली नकाट्नका लागि जानकारी दिन नगर प्रहरीलाई परिचालन गरिएको शुक्लाफाँटा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खेमराज बिष्टले बताए । 'किसानको धानबालीमा वर्षाले प्रभाव पार्ने भएकाले सचेत गर्ने कार्य गरि रहेका छौं,' उनले भने । बाढी, डुवान र कटानको जोखिम देखिएमा सम्बन्धीत वडा कार्यालय, सुरक्षा निकायमा खबर गर्नका लागि आग्रह गरिएको बिष्टले बताए । भारी वर्षा भएमा बस्ती नजिक बाढी र डुवानको जोखिमलाई मध्यनजर गरी वडा कार्यालय र सम्बन्धीत सरोकारवालाको समन्वयमा सुरक्षित स्थानमा सार्ने व्यवस्था मिलाईएको उनको भनाइ रहेको छ । विपद्को समयमा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती, बालबालिकाको विशेष ध्यान राख्नका लागि सर्वसाधारणमा आग्रह गरिएको अधिकृत बिष्टले बताए ।

मुख्य खाद्यन्नबाली धान पाक्ने समयमा देशका विभिन्न स्थानमा हावाहुरीसहित लगातार वर्षा हुन लागेको हो । अघिल्ला वर्षाहरूमा सुदूरपश्चिमका कञ्चनपुर र कैलालीसहित लुम्बिनीका अधिकांश जिल्लामा धानबालीमा ठूलो क्षति पुगेको थियो । वर्षाले बर्सेनि क्षति पुऱ्याउँदा पनि सरकारसँग भने कुनै पूर्वतयारी छैन ।

तराईका केही स्थानमा हावाहुरीको सम्भावना रहेको जनाइएको छ । साथै गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका थोरै स्थानहरू तथा कोशी प्रदेश, बागमती प्रदेश, मधेस प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा अति भारी वर्षाको पनि सम्भावना रहेको महाशाखाले जनाएको छ ।

यस प्रणालीको प्रभावले विशेषगरी वर्षाको कारण भू-क्षय, बाढी, पहिरो तथा गेग्रान बहावको जोखिम रहेको र मनसुनमा रातिको समयमा पानी पर्ने सम्भावना बढी हुने गरेकाले सहरी तथा तराई क्षेत्रहरूमा डुबानको जोखिम रहेको जनाइएको छ ।

विभागले ठूला तथा साना नदी नाला र खोलामा पानीको सतह बढ्नसक्ने, दैनिक जनजीवन, कृषि, स्वास्थ्य, पर्यटन, नदी क्षेत्र आसपासका निर्माण कार्य, सडक तथा हवाई यातायातसमेत प्रभावित हुनसक्ने भएकाले आवश्यक सतर्कता तथा पूर्वतयारी अपनाउन सर्वसाधारण तथा सबै सरोकारवाला निकायमा अनुरोध गरेको छ । बालीनालीमा क्षति गर्ने भएकाले विशेष सावधानी अपनाउन अनुरोध गरिएको छ ।


साउदीमा रोजगार — कम्पनी : Al-Muzla Al-Hudaidiyya for Car Services Establishment

पूर्व स्वीकृति मिति : २०८१/०६/०९ LT. No. 311291 चलानी नं. ६०२२५८१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | AUTO DENTER & PAINTER | 3 | 0 | 1300 | ४६,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १८ गते (4th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सुचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1345/074/075

Al Amal Overseas Pvt. Ltd.
Samakhusi-26, Kathmandu, Nepal +977-1-4960015, 4966061
E-mail : info@alamaloverseas.com, alamaloverseas@gmail.com, Website : alamaloverseas.com



युएईमा रोजगार — कम्पनी : Almhrk Alshrawy Car Spare Parts Trading Co. L.L.C - Branch Of Abu Dhabi

पूर्व स्वीकृति मिति: २०८०/०६/१० LT. No. 311204 चलानी नं. ६०२२५८४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 1 | 0 | 2000 | ७३,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician (Maintenance) | 1 | 0 | 1200 | ४३,९१५ | | | | | | | |
| 3 | Electrician Assistant | 1 | 0 | 1200 | ४३,९१५ | | | | | | | |
| 4 | Sales Officer | 1 | 0 | 1200 | ४३,९१५ | | | | | | | |
| 5 | Tyre Repair | 1 | 0 | 1200 | ४३,९१५ | | | | | | | |
| 6 | Vehicle Mechanic | 1 | 0 | 1200 | ४३,९१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १८ गते (4th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सुचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SAAD OVERSEAS PVT.LTD.
श्रम ईजाजत नं. 1587/079/80
Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Email: - saadoverseas25@gmail.com



साउदीमा रोजगार — कम्पनी : Dania Abdul Hakim Saeed Al-yamani Restaurant For Serving Meals

पूर्व स्वीकृति मिति : २०८१/०६/०९ LT. No. 311262 चलानी नं. ६०२२५८२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 2 | 0 | 1400 | ५०,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १८ गते (4th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सुचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUHASHA LINK PVT. LTD.
Samakhusi-14, Tokha, Kathmandu, Nepal, Tel: 01 4982668, 4962338, Fax: 01-4362338,
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
License No. : 333/059/60



साउदीमा रोजगार — कम्पनी : SLOW CAFE SPECIALITY COFFEE FOR BAVERAGES

पूर्व स्वीकृति मिति : २०८१/०६/०९ LT. No. 311261 चलानी नं. ६०२२५८१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker And Tea And Others | 4 | 0 | 1400 | ५०,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AAMAL MIX READYMIX CONCRETE COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०१/२७ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०६/१० LT. No. 304494 चलानी नं. ६०२१९२७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 5 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १८ गते (4th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सुचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TESLA OVERSEAS PVT.LTD.
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-5920966, 5920965
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np
Govt. License 1638/080/81



साउदीमा रोजगार — कम्पनी: SAF FAST FOOD RESTAURANT शहर: BURAIDA

पूर्व स्वीकृत मिति : २०८१/०६/०९ LT. No. 311297 चलानी नं ६०२२५८६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 7 | 0 | 1200 | ४२,८५० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: AL-EBDAA AL-JADEED COMPANY FOR PROVIDE MEALS शहर: RIYADH

पूर्व स्वीकृत मिति : २०८१/०६/१० LT. No. 311298 चलानी नं ६०२२५८५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Provider | 6 | 0 | 1300 | ४६,४२१ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: ROKN VELVET ENTERTAINMENT EST. शहर: RIYADH

पूर्व स्वीकृत मिति : २०८१/०६/१० LT. No. 311300 चलानी नं ६०२२५८५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Workers | 6 | 0 | 1000 | ३५,७०६ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: SAUDI DIMENSIONS COMPANY LIMITED SAUD ARABIA शहर: DAMMAM

पूर्व स्वीकृत मिति : २०८१/०६/१० LT. No. 311301 चलानी नं ६०२२५८६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 7 | 0 | 1000 | ३५,७०६ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १८ गते (4th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने /नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोषकसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रु. २३०८/- कामदारले तिर्ने | रु. १५००/- कामदार आफैंले | १०,०००/- | रु. ७००/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सुचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKY BLUE H.R. SOLUTION PVT.LTD
Sinamangal-9, Gairigaun, Kathmandu, Nepal, Tel: 01-4593566, 9802358961/65, Emal: skybluehrsolutionspvtltd@gmail.com, Web: www.skybluehr.com
श्रम ईजाजत नं. 1664/080/081



बहराइनमा रोजगारको अवसर — Free Visa!! Free Ticket!!

कम्पनी : PLUS 965 TRADING W.L.L.

पूर्व स्वीकृति मिति २०८१/०६/०९ LT. No. 311240 चलानी नं. ६०२२५८०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव BD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bartender | 10 | 0 | 155 | ५५,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Commis 3 | 10 | 10 | 150 | ५३,४५० | | | | | | | |
| 3 | Commis 1 | 5 | 0 | 180 | ६४,२०० | | | | | | | |
| 4 | Commis 2 | 5 | 0 | 160 | ५७,०६५ | | | | | | | |
| 5 | Hostess | 0 | 5 | 160 | ५७,०६५ | | | | | | | |
| 6 | Housekeeping Attendant/room Attendant | 10 | 10 | 150 | ५३,४५० | | | | | | | |
| 7 | Security Guard | 5 | 0 | 160 | ५७,०६५ | | | | | | | |
| 8 | Waiter/waitress | 10 | 10 | 150 | ५३,४५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १८ गते (4th Oct. 2024) मा हुनेछ । प्रि- अन्तरवार्ता धमाधम भइरहेको छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने | भिषा शुल्क कसले दिने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450
Mobile: 9767659357/ 9767659356/ 9767659358 / 9863194834, 9863194832
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

शुक्रबार, ११ असोज, २०८१

- **मेष** आफ्नै बेहोसीले नोक्सान पुर्याउला।
- **वृष** शुभचिन्तकहरूको साथले काममा उत्साह जाग्नेछ ।
- **मिथुन** केही काम रोकिनाले रकम हातलागी नहुन सक्छ।
- **कर्कट** रोकिएका काम बन्नाले उत्साह जाग्नेछ ।
- **सिंह** कमजोरीले केही समस्या उब्जाए पनि कार्य सम्पादन ।
- **कन्या** धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ।
- **तुला** परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ।
- **वृश्चिक** मान्यजनको मार्गदर्शन अनुचित लाग्नेछ ।
- **धनु** अवसर प्राप्त भए पनि उपलब्धि हातपार्न समय लाग्नेछ
- **मकर** परिस्थिति सोचेजस्तो लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ ।
- **कुम्भ** परिस्थितिवश विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला ।
- **मीन** समय फुर्सदिलो रहनाले भेटघाट गर्ने अवसर हुनेछ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्ड्स् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

११ असोज, २०८१ (२७ सेप्टेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.०६ | १३४.६६ |
| युरो | १ को | १४७.९८ | १४८.६४ |
| पाउन्ड स्टिर्लङ | १ को | १७५.९६ | १७६.७५ |
| स्विस फ्रैन्क | १ को | १५७.४३ | १५८.१४ |
| अस्ट्रेलियन डलर | १ को | ९०.२६ | ९०.६६ |
| क्यानाडियन डलर | १ को | ९९.०१ | ९९.४६ |
| सिङ्गापुर डलर | १ को | १०२.३९ | १०२.८४ |
| जापानी येन | १० को | ९.१८ | ९.२२ |
| चिनियाँ युआन | १ को | १८.८२ | १८.९१ |
| साउदी अरब रियाल | १ को | ३५.७२ | ३५.८८ |
| कतारी रियाल | १ को | ३६.७८ | ३६.९४ |
| थाई भाट | १ को | ३.९१ | ३.९३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.५० | ३६.६६ |
| मलेसियन रिङेट | १ को | ३०.६९ | ३०.८३ |
| दक्षिण कोरियन वन | १०० को | ९.९९ | १०.०४ |
| स्विडिस क्रोनर | १ को | १३.०१ | १३.०७ |
| डेनिस क्रोनर | १ को | १९.८४ | १९.९३ |
| हङकङ डलर | १ को | १७.१९ | १७.२७ |
| कुवेती दिनार | १ को | ४३८.६८ | ४४०.६४ |
| बहराइन दिनार | १ को | ३५५.६४ | ३५७.२४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# झोलुङ्गे पुल उद्घाटन गर्न राष्ट्रपतिदेखि कार्यवाहक प्रधानमन्त्रीसम्म

**काठमाडौं**–नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को सुस्तामा बनेको झोलुङ्गे पुल उद्घाटन गर्न राष्ट्रपतिदेखि मन्त्रीसम्म पुगेका छन् । बिहीबार नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को सुस्तामा निर्माण भएको झोलुङ्गे पुलको उद्घाटन गर्न राष्ट्रपति रामचन्द्र पौडेलसँग मन्त्रीहरूको डफ्फा नै पुगेको हो ।

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) स्थित सुस्ता गाउँपालिका-५ नारायणी नदीमा मल्टिस्पान झोलुङ्गे पुल निर्माण गरिएको पुल राष्ट्रपति पौडेलले उद्घाटन गरे । उद्घाटन कार्यक्रममा प्रधानमन्त्रीको समेत जिम्मेवारी सम्हालेका सहरी विकासमन्त्री प्रकाशमान सिंह, उर्जामन्त्री दिपक खड्का, लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायाण आचार्य, सांसद विनोद चौधरीलगायत पुगेका थिए ।



पुल उद्घाटन गर्न पुगेका राष्ट्रपति पौडेललाई लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले स्वागत गरेका थिए । राष्ट्रपति पौडेलले नारायणी नदीमा बनेको झोलुङ्गे पुल उद्घाटनका साथै सुस्ता क्षेत्रमा एकीकृत राष्ट्रिय विद्युत् प्रणालीबाट विद्युत् आपूर्तिसमेत आरम्भ गरेका थिए ।

कार्यक्रममा कार्यवाहक प्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंह, लुम्बिनी प्रदेशका प्रमुख कृष्णबहादुर घर्ती मगर, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का, लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्ती मगर, प्रतिनिधिसभा सदस्य, प्रदेशसभा सदस्य, स्थानीय तहका जनप्रतिनिधिलगायतको सहभागिता रहेको थियो । भारतीय भूमिले तीनतर्फबाट र एकतर्फ नारायणी नदीले घेरिएको सुस्ता क्षेत्रमा तीन सय ५० परिवारको बसोबास छ । पुल बन्नुअघि स्थानीयवासी भारतीय भूमि भएर तथा डुङ्गाबाट जोखिमपूर्ण यात्रा गर्न बाध्य थिए । डुङ्गा दुर्घटना हुँदा मानवीय क्षतिसमेत ब्यहोर्नुपरेको थियो ।

एक हजार पाँच सय ७१ मिटर लामो उक्त झोलुङ्गे पुल २० करोड ९३ लाखमा निर्माण गरिएको हो । उक्त पुल तत्कालीन राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको पहलमा २०७२ सालमा निर्माण सम्झौता भएर निर्माण सुरु भएको हो । सम्झौता भएको आठ वर्षपछि पुल निर्माण कार्य सम्पन्न भएको हो । झोलुङ्गे पुल बनेसँगै नवलपरासीको सुस्ताबस्तीमा विद्युत् पनि पुगेको छ । यसअघि नारायणी नदीका कारण बिजुलीका खम्बा राख्ने समस्याका कारण त्यहाँ विद्युत् पुग्न सकेको थिएन ।

सुस्ता गाउँपालिका-५ नारायणी नदीपारिको सुस्ताबस्तीमा तीन सय ५० परिवारको बसोबास छ । उनीहरूमध्ये २५ प्रतिशतभन्दा बढीसँग नागरिकता र लालपुर्जा नभएको सुस्ता-५ का सदस्य आदम खाँले बताए । वर्षौंदेखि बसोबास गर्दै आएपनि उनीहरूसँग नागरिकता र लालपुर्जा नहुँदा विद्युत् उपभोगबाट वञ्चित रहँदै आएका वडा सदस्य खाँले बताए ।

## श्री सगरमाथा माध्यमिक विद्यालय ताम्कु

सिलीचोङ गाउँपालिका–३ संखुवासभा

### शिलबन्दी बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०६/११ गते**

यस विद्यालयको विद्यालय व्यवस्थापन समितिले गरेको बैठकको निर्णय अनुसार यस विद्यालयमा सञ्चालन भएको प्राविधिक धारतर्फ (बाली विज्ञान) तर्फ तल उल्लेखित ल्याव सामाग्री खरिद तथा व्यवस्थापनमा विद्यालय व्यवस्थापन समितिले निर्णय गरेको आवश्यक सामग्रीहरु न्यूनतम दरभाउमा खरिदका लागि शिलवन्दी बोलपत्र गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित गरिएको मितिले १५ दिनभित्र र मिति २०८१/०६/२५ गते सम्म बोलपत्र आहवान गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म फर्म दर्ता प्रमाणपत्र, फर्म मु.अ.कर दर्ता प्रमाणपत्र र आर्थिक वर्ष २०७९/०८० को कर चुक्ता प्रमाणपत्र प्रतिलिपि संलग्न गरि लिखित निवेदनसाथ शिलवन्दी प्रस्तुत गर्नुपर्नेछ ।

२. खरिद भएका बोलपत्र सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र शिलबन्दी सहीछाप गरी खाममा विवरण प्रष्ट खुलाई यस विद्यालयको कार्यालयमा दर्ता हुनुपर्नेछ । दर्ता भएको बोलपत्र सोहि दिनको २:०० बजे उपस्थित बोलपत्रदाता वा निजको प्रतिनिधि र विद्यालयको प्रतिनिधिहरुको रहोवरमा खोलिने छ ।

३. बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा लगतै कार्यालय खोलेको सोहि दिन समय अनुसार हनेछ ।

४. जुन फर्मको नामवाट बोलपत्र खरिद भएको हो सोहि फर्मको नाममा वोलपत्र दर्ता गर्नुपर्ने छ ।

५. पेश भएको बोलपत्र शर्त सहित केरमेट नभएको विद्यालयको उपलब्ध गराएको बोलपत्र फारममा कुनै थपघट वा द्रस्टव्य नलेखेको हुनुपर्ने छ ।

६. बोलपत्र फारम भर्दा कबोल गरिएको रकम स्पष्ट रुपमा अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षर फरक पर्न आएमा अक्षरमा लेखिएकालाई मान्यता दिइने छ ।

७. म्याद नाघि आएका वा रित नपुगेका दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन ।

८. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार विद्यालयको हुनेछ ।

| दरभाउपत्र नं. | कामको विवरण | बोलपत्र फारम दस्तुर |
|---|---|---|
| १ | कृषि विज्ञान प्रयोगशाला ल्याव सामाग्री खरिद तथा व्यवस्थापन | बोलपत्र फारम दस्तुर: रु. २००० एभरेष्ट बैंक, सिलीचोङ शाखा ०८४००१०५२०००६९ |

**चन्द्रध्वज राई (प्रधानाध्यापक/९८६२५९५६०३)**

## अरिङ्गालले टोकेर चारजना घाइते

**लमजुङ**– जिल्लाको बैंसीसहर नगरपालिका-३ मा रहेको गाउँसहर माध्यमिक जाँदै गर्दा बाटोमा अरिङ्गालले टोकेर चारजना विद्यार्थी घाइते भएका छन् । बिहीबार बिहान विद्यालय जाने क्रममा डमफुहाउस नजिककै अरिङ्गालले टोकेर उनीहरू घाइते भएका जिल्ला प्रहरी कार्यालयले जनाएको छ । प्रहरी कार्यालयका प्रहरी निरीक्षक तुलबहादुर श्रेष्ठका अनुसार बैंसीसहर-५ बाखेगजतका १३ वर्षीय रीना गुरुङ, १२ वर्षीय अर्जना तामाङ, १३ वर्षीय सङ्गीता तामाङ र १० वर्षीय करुणा गुरुङ घाइते भएका छन् ।

घरबाट विद्यालय जाँदै गर्दा बाटोमा अचानक आएको अरिङ्गालले उनीहरूको टाउको, छातीलगायत शरीरका विभिन्न भागमा टोकेको उनले बताए । घाइते सबैको उद्धार गरी लमजुङ अस्पतालमा उपचार भइरहेको प्रहरी निरीक्षक श्रेष्ठले जानकारी दिए । घरबाट विद्यालयसम्म आउँदा जङ्गलको बाटो पर्ने प्रहरीले जनाएको छ । *रासस*

## कम्पनीको नाम तथा स्थान परिवर्तन सम्बन्धि सूचना !

यस कसमस इन्टरनेशल कलेज प्रा.लि. (कम्पनी दर्ता नम्बर २५५३३/६०/६१)ले Cambridge University UK को सम्बन्धमा कास्की जिल्ला पोखरा उपमहानगरपालिका वडा नं. ३ भि सि मार्गमा सञ्चालित A Level शैक्षिक कार्यक्रम सञ्चालन अनुमतिपत्र उक्त कम्पनीबाट स्थान तथा सञ्चालन स्वामित्व परिवर्तन गरि कास्की जिल्ला पोखरा उपमहानगरपालिका वडा नं. ३० सिसुवामा बिटिश कलेज पोखरा प्रा.लि. को नामबाट उक्त A Level शैक्षिक कार्यक्रम सञ्चालन गर्न लागेको हुंदा यस कसमस इन्टरनेशनल कलेज प्रा.लि.संग कसैको कुनै हर-हिसाव/लेनदेन बाँकी बक्यौता एवं कुनै किसिमको गुनासो तथा दावी विरोध भएमा यो सार्वजनिक सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय उच्च शिक्षा शाखा सिंहदरबार वा यस शिक्षण संस्थामा सोझै सम्पर्क गर्नुहोला उक्त मिति भित्र कसैको उजुरी वा दाबी विरोध नपरेमा प्रचलित कानून बमोजिम स्वतः भई जाने व्यहोरा सूचित गरिन्छ ।

## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**तेस्रोपटक प्रकाशित मितिः २०८१/०६/११**

यस कम्पनीको मिति २०८१/०६/०१ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **एस.डी.एफ.सी. फ्रुट सेन्टर प्रा.लि**. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **बि.टि. मल्टिपर्पोज प्रा.लि**. (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०६/०६ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **बि.टि. मल्टिपर्पोज प्रा.लि**.(प्रा.लि.नं.३१३२८३) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## काठ लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०६/११**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा रहेको **साल** जातको ग्रेड ABC को गोलिया थान १६३ को १७३०.१६ क्युफिट काठ, **अस्ना** जातको ग्रेड AB को गोलिया थान ४० को ५४९.८५ क्युफिट काठ, **हल्दु** जातको ग्रेड AB को गोलिया थान ३ को ३४.२० क्युफिट काठ हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम व्यक्ति, फर्म, संघसंस्था वा कम्पनीले गोलिया काठ दाउराको सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**बजरंगबली सामुदायिक वन उपभोक्ता समूह**
**गोदावरी न.पा -४, कैलाली**

## सगरमाथा बहुउदेश्यीय सहकारी संस्था लि. को

### कर्जा तिर्न आउने बारे ३५ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मितिः २०८१/०६/११ गते**

यस सहकारी संस्थाका तपसिलमा उल्लेखित ऋणी सदस्यले अचल सम्पत्ति धितो राखि कर्जा वापत लिएको कर्जाको व्याज तथा कर्जा नियमित गर्नका लागि पटक पटक फोन, एस एम एस तथा मौखिक रुपमा समेत अनुरोध गर्दा बेवास्था गरेकाले यो कर्जा तिर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएकोछ । सहकारी संस्थासँग सम्पर्क पनि नगर्ने, कर्जाको सावाँ व्याज पनि नतिर्ने, फोन तथा एस एम एसलाई बेवास्था गर्ने गरेकाले यो सूचना प्रकाशित गरिएको छ । यथासम्भव छिटो सहकारी संस्थामा सम्पर्क गरि कर्जाको सावाँ व्याज तथा तिर्नु बुझाउनुपर्ने रकम राफसाफ गर्नुहोला । यो सुचना अनुसार ढिलोमा ३५ दिनभित्र ऋण चुक्ता नगरेमा सहकारी ऐन नियम र संस्थाको विनियम बमोजिम कर्जा सुरक्षाको लागि राखिएको धितो लिलाम बिक्री वा अन्य कानूनी कारवाही गरी सहकारी संस्थाको लेना रकम असुल उपर गरिने तथा कालो सुचिमा राख्ने प्रक्रिया समेत अगाडी बढाइनेछ । सो कानूनी कारवाहीबाट सिर्जना हुने समस्याको जिम्मेवार ऋणी सदस्य आफै हुने कुरा समेत जानकारी गराइन्छ । साथै, समयमै सहकारीको कर्जा तिरी ऋण मुक्त हुन अनुरोध गर्दछौं ।

**तपशिलः**

| ऋणीको नाम थर ठेगानाः | धितोको विवरणः |
|---|---|
| **१. ऋणी : राजन अधिकारी**<br>ना.प्र.न.: २५८७३<br>बाबुको नामः राम बहादुर अधिकारी क्षेत्री<br>बाजेको नाम : डम्बर बहादुर अधिकारी<br>ठेगाना : धादिङ जिल्ला बुढाथुम गा.बि.स. वडा न.९घर भई हाल काठमाडौं जिल्ला मनमैजु वडा न. ९ बस्ने । | टुक कुमारी ठाडे अधिकारीको नाममा मालपोत कार्यालय मनमैजुमा दर्ता कायम रहेको काठमाडौं जिल्ला फुटुङ्ग गा.बि.स. वडा नं.८ नक्सा सिट न.८ कि.न. २६८९ को क्षेत्रफल : ०-४-०-२ भएको जग्गा समेत । |
| **२. ऋणी : जिवन कुमार बिष्ट**<br>ना.प्र.न.:२७-०१-७६-०७९४३<br>बाबुको नाम : मान बहादुर बिष्ट<br>बाजेको नाम : गणेश बहादुर बिष्ट<br>ठेगाना : खोटाङ जिल्ला, डमर्खुशिवालय वडा न.९ घर भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा न.३२ बस्ने । | जिवन कुमार बिष्ट को नाममा मालपोत कार्यालय भक्तपुरमा दर्ता कायम रहेको, भक्तपुर जिल्ला ताथली गा.बि.स. वडा नं. ०२, नक्सा सिट नं. २ख को कित्ता न.६३७, ३८४ को क्षेत्रफल ०-४-२-०, १-०-२-० भएको जग्गा समेत । |

**सगरमाथा बहुउदेश्यीय सहकारी संस्था लिमिटेड**
का.म.न.पा.३२ कोटेश्वर, कामाण्डौ
फोन नं. ०१-५१०४५८८

## युएईमा रोजगार

कम्पनी : R M C TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८१/०६/१० | LT. No. 311337 | चलानी नं. ६०२२५८५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1200 | ४३,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Fixer | 5 | 0 | 1200 | ४३,९१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज १८ गते (4th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**PARADISE HUMAN RESORCE PVT. LTD**
KMC-9, Jamuna Galli, Kathmandu, Tel: 01-5921521, 5921522, Email: paradisehuman123@gmail.com, info@paradisehumanresource.com.np, Web: www.paradisehumanresource.com.np
श्रम इजाजत नं. १९८४/०८०/८१

## युएईमा रोजगार

कम्पनी : Orion Security Services LLC.

पूर्व स्वीकृति मिति : २०८०/०६/०९ | LT. No. 311079 | चलानी नं. ६०२२५८०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Mass Human Resource Pvt. Ltd.
(ISO Certified Ethical Recruitment Company)
SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765, 9828776444
Govt. License 938/067/068



## साउदीमा रोजगार
कम्पनी : Rimal Al-Bunyan Contracting Company.

पूर्व स्वीकृति मिति : २०८०/०६/१० LT. No. 311309 चलानी नं. ६०२२५८३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Electrician | 2 | 0 | 1200 | ४२,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | HVAC Mechanics | 1 | 0 | 2000 | ७१,६६० | | | | | | | |
| 3 | Plumber | 5 | 0 | 1200 | ४२,९९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १८ गते (4th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले ब्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

S.N. Recruiting Service Pvt Ltd
Govt. License 1284/074/75
Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9803334884, E-mail : snrecruitingnepal@gmail.com



## Invitation for Bids
## Pachrauta Municipality
### Office of the Municipality Executive
**Bara, Madhesh Pradesh**

**Invitation for Bids No.: NCB/PMUN/W/2081/82-08**
**Date of publication: 27-09-2024 10:00**

1. Pachrauta Municipality, Bara invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of Benauli Birthing Center Nirman under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. (in NRs) 3448017.36 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Pachrauta Municipality, Bara, Bara, Bara, Madhesh Pradesh, Nepal or may visit PPMO website www. bolpatra.gov. np/eдp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp.. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

| | | |
|---|---|---|
| **Name of the Bank** | : | NMB Bank Ltd. |
| **Name of Office** | : | Pachrauta Municipality, Bara |
| **Office Code no** | : | 80221403300 |
| **Office Account no** | : | 1140083164100010 |
| **Rajaswa (revenue) Shirshak no.** | : | 14229 |

4. Pre-bid meeting shall be held at Pachrauta Municipality, Bara, Madhesh Pradesh, Nepal at 18-10-2024 10:00 hours.
5. Sealed or electronic bids must be submitted to the office Pachrauta Municipality, Bara, Bara, Bara, Madhesh Pradesh, Nepalby hand/courier or through PPMO website www.bolpatra gov.np/egp on or before 28-10-2024 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 28-10-2024 13:00 at the office of Pachrauta Municipality, Bara, Madhesh Pradesh Nepal, Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 150000.0, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**



स्थानीय सरकार
## मिक्लाजुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
रवि, पाँचथर
कोशी प्रदेश नेपाल

### सिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०६/११

यस मिक्लाजुङ गाउँपालिकाको कार्यालयले सिलबन्दी बोलपत्रद्वारा निर्माण कार्य खरिद गर्नुपर्ने भएकोले सिलबन्दी बोलपत्रमा उल्लेख भए अनुसार योग्यता पुगेका ईच्छुक निर्माणकर्ताहरुले बोलपत्र दरखास्त फाराम खरिदको लागि आन्तरिक राजश्व खाता नं. ग १.१ ०६२५१०१३९५९२५११२ र बोलपत्र जमानत नगद धरौटीको लागि यस कार्यालयको धरौटी खाता नं.: ग १.३ ०६२५१०१३९५९२५०६६ मा जम्मा गरी बोलपत्रमा सहभागी हुनको लागि यो सूचना प्रकाशित गरिएको छ । सूचनाको विस्तृत विवरण कार्यालयको website: www.miklajungmunpanchthar.gov.np, PPMO को website: www.bolpatra.gov.np/egp मा र कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको छ ।

तपशिल

| बोलपत्र नं | बोलपत्रको विवरण | लागत अनुमान (मू.अ.कर र पि.एस बाहेक) | बोलपत्र दरखास्त फाराम रकम रु. (Bid fee) | बोलपत्र धरौटी रकम रु. (Bid security) |
|---|---|---|---|---|
| MRM/NCB/WORKS-02/081/082 | Krishi Sadak Upgrading Works | रु. १,१०,६९,७१४।२७ (अक्षरेपी एक करोड दश लाख उन्सत्तरी हजार सात सय चौध रुपैया सत्ताइस पैसा मात्र) | ३,०००।०० (अक्षरेपी तीन हजार रुपैया मात्र) | ३,५०,०००।०० (अक्षरेपी तीन लाख पचास हजार रुपैया मात्र) |

१. सिलबन्दी बोलपत्र खरिद गर्ने अन्तिम मिति, समय र स्थान:- विद्युतीय खरिद प्रणालीबाट २०८१/०७/११ गते दिउँसो १२:०० बजेसम्म www.bolpatra.gov.np/egp बाट
२. सिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति, समय, र स्थान:-विद्युतीय खरिद प्रणालीबाट २०८१/०७/११ गते दिउँसो १२:०० बजेसम्म www.bolpatra.gov.np/egp बाट
३. सिलबन्दी बोलपत्र खोल्ने समय र स्थान:- २०८१/०७/११ गते दिउँसो १३:०० बजे, मिक्लाजुङ गाउँपालिकाको कार्यालय, रवि, पाँचथर ।
४. सूचनाको विस्तृत विवरण कार्यालयको website: www.miklajungmunpanchthar.gov.np, PPMO को website: www.bolpatra.gov.np/egp वा सम्पर्क नं 9852684400 मा सम्पर्क गरि बुझ्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक

रूपशाला

## 'सानो संसार' टिकट बुकिङ खुल्ला

शुक्रबारदेखि सार्वजनिक प्रदर्शनमा आउने फिल्म 'सानो संसार' प्रिमियर गरिएको छ । बुधबार साँझ गरिएको प्रिमिएरमा कलाकर्मी र रंगपत्रकारको बोक्लो उपस्थिति रहेको थियो । प्रिमिएरमा फिल्मले सकारात्मक प्रतिक्रिया पाएको छ । मध्यवर्गीय परिवारको वास्तविकता चित्रण गरिएको परिवारिक फिल्म भएको र सबैले हेर्नुपर्ने सुझाव प्रिमिएरमा दिइएको थियो । फिल्ममा हास्य कलाकार केदार घिमिरे 'माग्नेबुढा'की श्रीमती सीतादेवी तिमल्सेनाको शीर्ष भूमिका छ । फिल्ममा उनीसँगै राजपंगेनी शर्मा, अनु दाहाल, अञ्जसा रिजाल, शिशिर शिवाकोटी, सरिता भण्डारी र जीवन गौतमको समेत अभिनय देख्न सकिन्छ ।



शुक्रबार ११, असोज २०८१ (Friday, September 27, 2024)

# 'नरसिंहा अवतार'को छायांकन सुरू



■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेता राजेश हमालले आफ्नो कमब्याक फिल्म 'नरसिंहा अवतार'को छायांकन थालेका छन् । बिहीबार बालाजुस्थित चलचित्र विकास संस्थानको स्टुडियोमा शुभसाइत पूजा गर्दै फिल्मको छायांकन थालिएको हो ।

हमाल आधा दशकभन्दा लामो समयपछि फिल्मको छायांकन सेटमा फर्किएका हुन् । दिवाकर भट्टराईले निर्देशन गर्ने यो एक्सन-सोसल ड्रामा फिल्मसँग हमालका केही रोचक किस्सा पनि छन् । यो फिल्ममा हमालले ३३ वर्षपछि छविराज ओझासँग सहकार्य गरेका छन् । ओझा हमालको डेब्यु फिल्म 'युगदेखि युगसम्म'का निर्माता हुन् । तर 'नरसिंहा अवतार'मा ओझा वितरक हुन् ।

'हमालजीसँग लामो समयपछि काम गर्ने अवसर जुरेकोमा खुसी छु' ओझाले संक्षिप्त प्रतिक्रिया दिए । हमालले पनि फिल्मको कथा भिन्न रहेको र टिम राम्रो रहेकाले आफू फिल्म खेल्न तयार रहेको बताए ।

फिल्मको छायांकन सुरु गर्न आयोजित समारोहमा हमाल र ओझा सँगै देखिए । ओझाले नरिवल फुटाए भने चलचित्र संघका अध्यक्ष तथा यो फिल्मका निर्माता नरेन्द्र महर्जनले क्ल्याप हाने । करण श्रेष्ठले एक्सन घोषणा गरे ।

यो फिल्ममा हमालले पछिल्लो पुस्ताका कलाकारसँग स्क्रिन सेयर गर्दैछन् । राज कटुवाल, नीति शाह, सनिशा भट्टराई र अर्जुन श्रेष्ठ अन्य कलाकार हुन् । निर्देशक भट्टराईले यो फिल्म आफ्ना लागि चुनौतीपूर्ण रहेको बताए । 'राजेश दाइले धेरै स्क्रिप्ट नगरेर मेरो स्क्रिप्ट गर्नु नै मेरो लागि च्यालेन्ज हो । किनकि राजेश दाइलाई कन्भिन्स गर्नलाई नै मलाई तीन महिना लागेको थियो' उनले भने ।

निर्माता महर्जनले भिन्न तरिकाले फिल्म बन्ने भएकाले आफू लगानी गर्न तयार भएको बताए । अभिनेता कटुवालले सानैदेखि हेर्दै आएको हिरोसँग फिल्म खेल्न पाउँदा उत्साहित रहेको बताए ।

'मैले सानैदेखि उहाँका पोस्टर कलेक्सन गरेर उहाँजस्तै हिरो बन्ने सपना देख्थें' उनले भने । अभिनेत्री शाहले हमालको कारण आफू यो फिल्ममा जोडिएको बताइन् । सनिशा भट्टराईले आफ्नो बुवा राजेशको फ्यान भएको र अहिले उहाँसँगै फिल्ममा काम गर्न पाउँदा उत्साहित रहेको सुनाइन् ।

फागुन १४ गते शिवरात्रीलाई प्रदर्शन मितिको रूपमा तय गरिएको छ । प्रदर्शन मिति घोषणा गरेको यो फिल्ममा राजेश हमाल, सरोज खनाल, राज कटुवाल, नीति शाह, सनिशा भट्टराई, दीपा शाही, प्रशान्त ताम्राकार, नीर शाह, रमेश चन्द सोडारी,प्रकाश कुँवर लगायतको अभिनय रहनेछ ।

आठ वर्षपछि यो फिल्मबाट हमालको पुनरागमन हुँदैछ । उनले यो फिल्मका लागि केही समयदेखि भिन्न लुक्स बनाइरहेका छन् । यो फिल्ममा हमालले सरोज खनालसँग ३० वर्षपछि सहकार्य गर्दैछन् । उनीहरूले यसअघि 'सडक'मा सहकार्य गरेका थिए । क्रिएटिभ सिने आर्टको प्रस्तुति रहने यो फिल्मका द्वन्द्व निर्देशक चन्द्र पन्त हुन् । यो फिल्मलाई महर्जनसहित परशुराम बस्नेत र ध्रुव न्यौपानेले संयुक्त रूपमा निर्माण गर्दैछन् ।

# फर्स्टलुकसँगै 'सारंग'को प्रदर्शन मिति घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं–** बालमनोविज्ञान, बालअधिकार तथा धनी र गरिब परिवारबिचको खाडलको विषयमा निर्माण गरिएको फिल्म 'सारंग'को फर्स्टलुक पोस्टर सार्वजनिक गरिएको छ ।

पोस्टरमा अभिनेत्री ऋचा शर्मा, उत्पल झा, बालकलाकार सम्राट थापा र आदित्य कार्कीलाई प्रस्तुत गरिएको छ । फिल्मको फर्स्टलुकसँगै प्रदर्शन मिति पनि तोकिएको छ । फिल्म ०७ मंसिरदेखि देशव्यापी प्रदर्शनमा आउने छ ।

कोरियोग्राफरको रूपमा परिचित प्रशान्त तामाङले फिल्म निर्देशन गरेका हुन् । निर्देशक तामाङ स्वयम्को लेखन रहेको फिल्मलाई टि फल्क फिल्मस्ले वितरण गर्दैछ ।




फिल्ममा समीर मणि दीक्षित, सुरज तमु, मणि के राई, अनिषा न्यौपाने, निरज ब्ल्याक, दीपीका थापा, सुमन सागर जंग केसी, विश्व स्याङ्वो, प्रभात जंग लगायतको अभिनय छ ।

दर्शन बुद्ध फिल्मस्को ब्यानरमा निर्माण भएको फिल्मको डिओपी गोपाल राय हुन् भने सम्पादन मित्र ध्वज गुरुङले गरेका छन् । फिल्मका गीत डिपी खनालले लेखेका हुन्, संगीत शंकर थापा 'स्माइल'को छ । फिल्मले सबै वर्गका दर्शकमाझ बेग्लै छाप छोड्ने विश्वास निर्देशक तामाङको छ ।

# एलिमेन्ट्स ब्याण्ड शनिबार काठमाडौंमा गुञ्जँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** युवापुस्तामाझ चर्चित रक ब्याण्ड 'एलिमेन्ट्स'ले शनिबार सांगीतिक प्रस्तुति दिने भएको छ । हात्तीसारस्थित सिंक लाउन्जमा दर्शक तथा श्रोताले ब्याण्डलाई सुन्न पाउनेछन् ।

नयाँ म्युजिक भिडियो सार्वजनिक गर्ने सन्दर्भ पारेर सांगीतिक प्रस्तुति दिन लागेको ब्याण्डका व्यवस्थापक मनिष अधिकारीले जनाए । ब्याण्डले सोही दिन नयाँ गीत सार्वजनिक गर्नेछ । त्यही सन्दर्भमा ब्यान्डले नयाँ पुराना केही गीत पनि गाउनेछ । ब्याण्डको बिर्सने हौ कि, सपनाको मायालु, पुतली लगायत गीत चर्चित छन् ।

एलिमेन्ट्सको नयाँ गीतमा अभिनेत्री गौरी मल्लले अभिनय गरेकी छन् । मल्लसँगै कुन्साङ तामाङ र एलिमेन्ट्स ब्यान्डका तीनै जना सदस्य ईशानराज वन्त, रौनक अधिकारी र दीपेश गुरूङको अभिनय देख्न पाइन्छ ।

रविन शर्माको निर्देशनमा बनेको सांगीतिक भिडियोमा कुन्साङले रुद्र पात्रको भूमिका निर्वाह गरेका छन्, जसले एक साधारण पात्रबाट नायकसम्मको यात्रालाई चित्रण गरेका छन् ।



रोचक कथामा सांस्कृतिक विशेषता समेत झल्काउने गरी म्युजिक भिडियो बनाइएको उल्लेख छ । कला निर्देशक चे शंकरले नेपाली परम्परा र सांस्कृतिक विशेषता झल्किने दृश्य सिर्जना गरेका छन् । त्यस्तै, सौरभ लामिछानेको छायांकन रहेको फिल्मले पाटन क्षेत्रको सांस्कृतिक, आध्यात्मिक सौन्दर्यलाई सिनेम्याटिक रूप दिएको छ ।

ब्याण्डका गायक इशानराजले भने, 'यो गीतले सबै मान्छे आफ्नो चलचित्रका हिरो आफैं हो भन्ने भाव बोकेको छ र म्युजिक भिडियो पनि त्यही अनुसार तयार भएको छ ।' भिडियो एलिमेन्ट्स ब्याण्डको युट्युब च्यानलबाट सार्वजनिक हुनेछ ।



**एन्फा महिला लिग**

# सुदूरपश्चिमलाई हराउँदै कोशी सुपर लिगमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** सुदुरपश्चिम प्रदेशलाई ४-०ले हराउँदै कोशी प्रदेश एन्फा महिला लिगको सुपर लिगमा प्रवेश गरेको छ ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा भएको खेलमा सुदुरपश्चिमविरुद्ध खेलको २३औं मिनेटमा ममता रावतले गर्दै कोशीलाई अग्रता दिलाएकी हुन् ।

पहिलो हाफमा १ गोल मात्रै खाएको सुदुरपश्चिमले दोस्रो हाफमा २ गोल खायो । खेलको ५२औं मिनेटमा कोशीकी फर्वाड समिक्षा मगरले सुनिता सरकारको क्रसमा गोल गरिन् । त्यस्तै, खेलको ६४ औं मिनेटमा पूर्णिमा राईको पासमा सुदुरकी गोलरक्षक



टिकेश्वरी अगाडी बढेको अवस्था व्याक्तिगत दोस्रो र टिमको लागि तेस्रो गोल गरेकी हुन् ।

८४औं मिनेटमा कुश्मा राईले गोल गर्दै निर्णायक गोल गरिन् । उनले डि बक्स बाहिरबाट लङ रेन्जबाट गरेको प्रहार गोलपोष्टको माथिल्लो बारमा लाग्दै गोल भएको हो । एन्फा लिगको पहिलो चरणको अन्तिम खेलमा जित निकाल्दै कोशीले ९ खेलमा १४ अंक जोड्दै शीर्ष पाँचमा अटाएको छ । कोशीले ९ खेलमा ४ जित, २ बराबरी र ३ हार बेहोरेको छ ।

सुदुरपश्चिमले भने यो प्रतियोगिताभर १ अंक पनि जोड्न सकेन । सुदुरपश्चिमले ९ खेलमा ९ हारमा ६९ गोल खाएको छ भने ३ गोल फर्काएको छ ।

**यू-१९ छनोट**

# रूपन्देहीद्वारा पाल्पा पराजित



■ प्रभाव संवाददाता

**रूपन्देही–** चार खेलाडीको अर्धशतकीय पारीको मद्दतमा भैरहवामा जारी लुम्बिनी प्रदेशस्तरीय अन्डर-१९ क्रिकेट छनोट प्रतियोगितामा रूपन्देही यु-१९ ले सानदार जित निकालेको छ । रूपन्देहीले पाल्पा यु-१९ लाई २ सय ९१ रनले पराजित गर्दै जित हासिल गरेको हो ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको खेलमा टस जितेर ब्याटिङ गरेको रूपन्देहीले निर्धारित ५० ओभरमा ७ विकेट गुमाउँदै ३ सय ७३ रनको उच्च योगफल बनायो ।

उसका लागि विजय प्रजापतीले ९६, समीर अलीले ६८, सन्तोष साउदले ५७ र सन्तोष यादवले ५१ रनको अर्धशतकीय इनिङ खेले । बलिङमा पाल्पाका रोशन बश्याल, नरबहादुर सार्की र उदय महर्जनले समान २-२ तथा सुदर्शन भण्डारीले १ विकेट लिए ।

जवाफी ब्याटिङ गरेको पाल्पा ३४ ओभर २ बलमा सबै विकेट गुमाउँदै ८२ रनमै समेटियो । उसलाई सस्तैमा रोक्न रूपन्देहीका रमेश कुर्मीले ३, सुमित पराजुली र सुरज खड्काले समान २-२ तथा सागर गैरे र सन्तोष यादवले १-१ विकेट लिए ।

पाल्पाका अमित अधिकारीले ३३ र कुशल ढकालले १३ रन बनाउन बाहेक अन्य कुनै पनि खेलाडीले दोहोरो अंकमा रन बटुल्न सकेनन् । खेलमा रूपन्देहीका विजय प्रजापती म्यान अफ द म्याच घोषित भए ।

अन्डर-१९ राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि प्रदेश स्तरीय टिम छनोट गर्न प्रत्येक जिल्लाको फकर-फकर टिम बनाएर छनोट खेल भइरहेको प्रादेशिक क्रिकेट संघ लुम्बिनी प्रदेशका अध्यक्ष संजय गुरुङले जानकारी दिए । उनका अनुसार छनोट खेलपछि उत्कृष्ट खेलाडीलाई समेटेर लुम्बिनी प्रदेश स्तरीय यु-१९ क्रिकेट टिम घोषणा गरिने छ ।

# एसिया रग्बीका अध्यक्ष कायस नेपाल आउँदै

**काठमाडौं (प्रस)–** नेपालमा हुन गइरहेको एसियाकै ठूलो रग्बी प्रतियोगिता एसिया रग्बी इमिरेट्स सेभेन्स ट्रफी- २०२४ का लागि एसिया रग्बीका अध्यक्ष कायस अल धलाई नेपाल आउँदै छन् । उनी प्रतियोगिता उद्घाटन तथा समापन समारोहमा सहभागी हुन १८ गते बिहान नेपाल आइपुने छन् । सो प्रतियोगिता एसिया रग्बीको आयोजना र नेपाल रग्बी संघको व्यवस्थापनमा असोज १८ र १९ गते नेपालमा प्रतियोगिता हुन लागेको हो ।

प्रतियोगिता त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा हुनेछ । प्रतियोगितामा एसियाका १७ राष्ट्रले प्रतिस्पर्धा गर्ने छन् । नेपालमा एसियाली स्तरको सिनियर रग्बी प्रतियोगिता हुन लागेको यो पहिलो पटक हो । यस प्रतियोगिताका लागि नेपालले पछिल्लो तीन महिनादेखि पोखरामा तयारी गरिरहेको छ ।

प्रतियोगिताको च्याम्पियन महिला तथा पुरुष टोलीले एसिया रग्बीको ट्रफी सहित स्वर्ण पदक, दोस्रो हुनेले रजत र तेस्रो हुने टोलीले कास्य पदक प्राप्त गर्नेछन् ।

यो प्रतियोगिता २०२५ मा हुने एसिया रग्बी सेभेन्स सिरिजको छनोटको रूपमा समेत रहको छ । काठमाडौंमा हुने एसिया रग्बी सेभेन्स ट्रफीको महिला र पुरुषतर्फको विजेताले २०२५ मा हुने एसिया रग्बी सेभेन्स सिरिजमा स्थान बनाउने छन् । जसले गर्दा यो प्रतियोगिता अझ बढी प्रतिस्पर्धात्मक हुने अपेक्षा गरिएको छ । नेपाली टिमले सन २०१५ को प्रि- ओलम्पिक क्वालिफायर र सन् २०१६ देखि एसिया रग्बी सेभेन्स ट्रफीमा सहभागी हुँदै आएको छ ।

# शकिब अल हसनले लिए क्रिकेटबाट सन्यास

■ प्रभाव संवाददाता

**काठमाडौं–** बंगलादेशका अल राउण्डर शकिब अल हसनले टी-२० र टेस्ट क्रिकेटबाट सन्यास लिने घोषणा गरेका छन् । भारतविरुद्धको दोस्रो टेस्ट अघि मिडियासँग कुरा गर्दै उनले गत टी-२० विश्वकपनै आफ्ना लागि टी-२० मा अन्तिम खेल भएको बताए । उनले आगामी अक्टोबरमा दक्षिण अफ्रिकाविरुद्ध हुने भनिएको टेस्ट खेल आफ्नो अन्तिम टेस्ट हुने बताएका छन् ।

उनले बंगलादेशका लागि एकदिवसीय क्रिकेट खेल्न भने जारी राख्ने बताए ।

शकिबले बंगलादेशमा अहिलेको परिवर्तित अवस्थामा खेल्न सक्ने अवस्था भएमा दक्षिण अफ्रिकाविरुद्धको खेल खेल्ने बताए । आफु आफ्नो सुरक्षाको विषयमा सचेत रहेको भन्दै अहिले बंगलादेशमा अवस्था सुध्रिएको बताए ।

शकिब पछिल्लो शेख हसिना नेतृत्वको पार्टीका निर्वाचित सांसद थिए । बंगलादेशमा हसिनाको पत्नपछि शकिबमाथि पनि मुद्दा चलाएर कारवाही गर्नुपर्ने माग उठिरहेको थियो ।

३७ बर्षिय शकिब विश्व क्रिकेटमै उत्कृष्ट अलराउण्डर मानिन्छन् । उनले अहिलेसम्म बंगलादेशका लागि ७० टेस्ट खेल्दै ४६ सय रन बनाएका छन् भने २४२ विकेट पनि लिएका छन् । त्यस्तै २४७ एकदिवसीय खेल खेल्दै ७ हजार ५७० रन बनाएका छन् भने ३१७ विकेट पनि लिएका छन् । त्यसैगरी टी-२० क्रिकेटमा १२९ खेलमा २५५१ रन बनाएका छन् भने १४९ विकेट लिएका छन् ।

# बंगलादेशको परिवर्तनपछि रोहिंग्या शरणार्थी आशावादी



**कोक्स बजार, बंगलादेश–** रोहिंग्या शरणार्थी शोन्जिदा बंगलादेशमा वर्षौंसम्म दुःख र हिंसा सहनुपर्दा आफू निराश हुनुपरेको बताउँछन् । गत महिना पूर्वप्रधानमन्त्री शेख हसिना सत्ताच्युत भएपछि बनेको सरकारले उनलाई भविष्यका लागि नयाँ आशा जगाएको हो । राज्यविहीन र उत्पीडनमा परेका मुस्लिम अल्पसंख्यक समुदायका करिब १० लाख सदस्य म्यानमारको आफ्नो मातृभूमिमा भएको हिंसाबाट भागेर बंगलादेशी विशाल शरणमा बसिरहेका छन् ।

सन् २०१७ मा म्यानमारको सेनाको दमनबाट भागेका करिब सात लाख ५० हजार रोहिंग्याका लागि सीमा खुला गरेकोमा अन्तर्राष्ट्रिय समुदायले हसिना प्रशासनको प्रशंसा गरेको थियो । त्यसपछिका वर्षहरूमा शिविरहरूमा व्यापक भ्रष्टाचारले शरणार्थीलाई कुपोषणको सिकार बनाएको छ । यहाँ पटक-पटक सशस्त्र आक्रमणका घटना देखापरेका छन् । शिविरका बासिन्दाले हसिनाको बहिर्गमनले उनीहरूको दुर्दशामा नयाँ ध्यान ल्याउनेमा आशा गरेका छन् ।

'हामी र हाम्रा बच्चाहरू रातको समयमा गोलीकाण्डका कारण डरमा बाँचिरहेका छौं,' ४२ वर्षीया शोन्जिदाले एएफपीसँग भने । शोन्जिदा आफ्नो शिविरमा विद्यालय जाने उमेरका बालबालिकाका लागि स्थापना गरिएका केही अनौपचारिक सिकाइ केन्द्रहरूमध्ये एकमा पढाउँछन् । यसले उनलाई आफ्नो समुदायले सामना गरिरहेका विविध समस्याहरूको बारेमा एक अस्थिर अन्तर्दृष्टि प्रदान गर्छ ।

यी केन्द्रहरू शिविरका परिवारहरूको एक अंशलाई मात्र पूरा गर्न सक्षम छन् । शरणार्थीको हैसियतले उनीहरूलाई बंगलादेशी विद्यालय, विश्वविद्यालय र स्थानीय रोजगार बजारबाट टाढा राख्छ । उनका धेरै विद्यार्थी कुपोषित छन् किनभने अन्तर्राष्ट्रिय सहायतामा आएको ह्रासका कारण रासन कटौती हुनुपरेको छ ।

स्थानीय सञ्चारमाध्यमका अनुसार यस वर्ष अहिलेसम्म भएका झडपमा ६० भन्दा बढी शरणार्थीको मृत्यु भएको र शिविर नियन्त्रणका लागि लडिरहेका प्रतिद्वन्द्वी लडाकु समूहको आवाजले उनीहरू डराएका छन् । शोन्जिदाले भने, 'हामी शान्ति चाहन्छौं र अब गोली नचलोस् र हाम्रा बच्चाहरू अब डराउनु नपरोस् भन्ने चाहन्छौं । नयाँ सरकार सत्तामा छ, हामी आशा गर्दछौं कि यसले हामीलाई शान्ति, समर्थन, खाना र सुरक्षा प्रदान गर्ने छ ।'

राजधानी ढाकास्थित हसिनाको दरबारमा हजारौं मानिसले आक्रमण गर्न पुगेको केही क्षणअघि गत महिना विद्यार्थी नेतृत्वको विद्रोहका कारण हसिनालाई सत्ताच्युत गरिएको थियो । यस आन्दोलनले आफ्ना विरोधीहरूको गैरन्यायिक हत्या, प्रेस प्रतिबन्ध र नागरिक समाजमाथिको दमनले ग्रस्त लामो शासनको पर्दा ढालेको थियो ।

म्यान्माबाट भागेका रोहिंग्याहरूलाई स्वागत गर्ने हसिनाको निर्णयले उनलाई वासिङ्टन र अन्य पश्चिमी सहयोगीबाट केही कूटनीतिक राहत दिलाएको थियो । अन्यथा, उनको कार्यकालमा गरिएका दुर्व्यवहारको बारेमा उनीहरूले नियमित आवाज उठाएका थिए । त्यसपछिका वर्षहरूमा शरणार्थीहरूलाई समायोजित गर्न उनको सरकारले गरेको संघर्ष पनि अधिकारवादी समूहहरूको नियमित आलोचनाको विषय बनेको थियो ।

शिविरहरूमा भीडभाड कम गर्न कम्तीमा ३६ हजार रोहिंग्याहरूलाई पहिले निर्जन र चक्रवात् प्रभावित टापु भशान चारमा स्थानान्तरण गरिएको थियो । त्यहाँ पठाइएकामध्ये धेरैले आफूहरू आफ्नो इच्छाविपरीत जान बाध्य भएको बताएका छन् र एक जना शरणार्थीले ह्युमन राइट्स वाचसँग आफूलाई दिएको नयाँ घरलाई 'समुद्रको बीचमा रहेको टापुको जेल' भनी वर्णन गरेका छन् ।

शिविरहरूको दयनीय अवस्थाले हजारौंलाई दक्षिणपूर्वी एसियाली देशहरूमा नयाँ शरण खोज्न खतरनाक समुद्री यात्रामा जान उत्प्रेरित गरेको र यस्ता यात्राका कारण थुप्रै समुद्रमा डुबेका छन् । नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसले नयाँ चुनावअघि अन्तरिम सरकारको नेतृत्व गरिरहेका छन् र उनले गत महिना आफ्नो कार्यकालको सुरुवातमा रोहिंग्या समुदायलाई निरन्तर सहयोग गरिरहने वाचा गरेका छन् । धेरै शरणार्थीहरूले ८४ वर्षीय युनुसको प्रशासनको प्रारम्भिक हप्ताहरूबाट आफूहरू उत्साहित भएको बताएका छन् । समुदायका नेता ४८ वर्षीय हमिद हुसेनले एएफपीसँग भने, 'हामीले फेसबुक र युटयुबमा देख्यौं कि हाम्रा समुदायका धेरै नेताहरूले उनीहरूसँग कुरा गरेका छन् र उनीहरूसँग भेटेका छन् । म अहिले बढी आशावादी छु ।' *रासस/एएफपी*



**दक्षिण लेबनानको सिडोनस्थित एउटा विद्यालयमा उदास बनेर उभिएकी एक विस्थापित बालिका । गत सोमबारदेखि इजरायलले लेबनानमाथि सन् २००६ यताकै ठूलो आक्रमण गरेको छ, जसको परिणामस्वरूप देशभर ५५० भन्दा बढीको मृत्यु र एक हजार ८३५ भन्दा बढी घाइते भएका बताइएको छ ।** *तस्बिर: सिन्हुवा*

# चीन र रूसका विदेशमन्त्रीद्वारा राष्ट्रसंघमा युक्रेन संकटबारे छलफल

**बेइजिङ–** चीन र रूसका विदेशमन्त्रीहरूले संयुक्त राष्ट्रसंघीय महासभामा युक्रेन युद्धबारे छलफल गरेका छन् । पछिल्लो समयमा चीन र रूसले सम्बन्ध बलियो भएको छ भने सन् २०२२ मस्कोले युक्रेनमा आक्रमण गरेपछि द्विपक्षीय व्यापारले बढवा पाएको छ । पश्चिमी मुलुकहरूले रूसको आक्रामक युद्धको समयमा बेइजिङले राजनीतिक आवरण र आर्थिक समर्थन प्रदान गरेको आरोप लगाएका छन् । आरोपलाई चीनले अस्वीकार गर्दै द्वन्द्वमा तटस्थता कायम राखेको जनाएको छ ।

चिनियाँ सरकारी सञ्चारमाध्यम सिसिटिभीले बिहीबार विदेशमन्त्री वांग यीले संयुक्त राष्ट्रसंघीय महासभामा आफ्ना रूसी समकक्षी सर्गेई लाभरोभलाई भेटवार्ता गरेको जनाएको छ । छलफलमा दुवै पक्षले युक्रेन संकटलगायत विषयमा विचार आदानप्रदान गरेको सिसिटिभीले उल्लेख गरेको छ । विदेशमन्त्री वाङले द्विपक्षीय सम्बन्ध उतार-चढावबाट गुज्रिएको उल्लेख गर्दै स्थायी असल छिमेकीको रूपमा चीन-रूस सम्बन्धलाई अगाडि बढाउने उल्लेख गरेका छन् । चीन र रूसले 'नो-लिमिट्स' साझेदारीअनुरूप विश्वव्यापी मामिलामा अमेरिकी नेतृत्वको पश्चिमी प्रभुत्वको विरोध गर्दै आएका छन् ।

बेइजिङ र मस्कोले यस वर्ष कूटनीतिक सम्बन्ध स्थापनाको सातौं वार्षिकोत्सव मनाउँदै छन् । चिनियाँ राष्ट्रपति सी चिनफिङले आगामी महिना रूसमा हुने उदीयमान अर्थतन्त्रहरूको ब्रिक्स शिखर सम्मेलनमा पनि भाग लिने कार्यक्रम तय भएको छ । *रासस/एएफपी*


**कतारमा रोजगार** — कम्पनी : AL MASTER TRADING CONTRACTING & SERVICES WLL

पूर्व स्वीकृति मिति २०८०/०९/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०६/१० | LT. No. 297417 | चलानी नं६०२१२४४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Install Electrician | 3 | 0 | 1200 | ४४,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Gen Clean Worker | 6 | 0 | 1000 | ३६,६९५ | | | | | | | |
| 3 | Driver | 8 | 0 | 1900 | ६९,७२० | | | | | | | |
| 4 | Receptionist | 1 | 0 | 2200 | ८०,७३० | | | | | | | |
| 5 | Foreman | 5 | 0 | 2500 | ९१,७३५ | | | | | | | |
| 6 | Supervisor | 7 | 0 | 2500 | ९१,७३५ | | | | | | | |
| 7 | Draftsman | 3 | 0 | 3000 | ११०,०८५ | | | | | | | |
| 8 | Rain Force Fitter | 3 | 0 | 1200 | ४४,०३५ | | | | | | | |
| 9 | Representative | 3 | 0 | 2200 | ८०,७३० | | | | | | | |
| 10 | Marketing Represent | 1 | 0 | 2200 | ८०,७३० | | | | | | | |
| 11 | Assistant Cook | 3 | 0 | 1500 | ५५,०४० | | | | | | | |
| 12 | Chawarma Maker | 1 | 0 | 1400 | ५१,३७५ | | | | | | | |
| 13 | Electric | 1 | 0 | 1200 | ४४,०३५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १८ गते (4th Oct. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1331/074/75

KALIKA HUMAN RESOURCE PVT LTD

Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803, 4965281

Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np



**ZERO COST RECRUITMENT OPPORTUNITY FOR QATAR!!!**

**शुन्य लागत अन्तर्गत कतारमा वैदेशिक रोजगारको अवसर ।**

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!

नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: COMPASS CATERING SERVICES, QATAR

कम्पनी : कम्पास क्याटरिङ सर्भिसेस, कतार

Pre Approval Date : 2023-10-08 | पूर्व स्वीकृति मिति : २०८०/०६/२१ | Post Approval Date : 2024-09-23 | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०६/०७ | LT. No. 293662 | एल टि न. २९३६६२ | चलानी नं. ६०२०८८१४ | Invoice No. 60208814

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR | 0 | 1 | 1000 | ३६,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

The final interview will be conducted in the office on 4th Oct, 2024.

अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १८ गते हुनेछ ।

Pre-interview is going on. पूर्व अन्तरवार्ता जारी छ ।

नोट: आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा VNVNEPAL मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।

Note: Applicants are invited to VNVNEPAL to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रू.७०० ।- रोजगारदाताले व्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले व्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी व्यवस्था : ने.रू.१५०० ।- रोजगारदाताले व्यहोर्ने Management of Workers Welfare Fund NPR 1500/- By the Employer

सेवा शुल्क कसले व्यहोर्ने who will bear the Service Fee — रोजगारदाताले व्यहोर्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।

Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, व्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।

We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

VISION & VALUE — श्रम ईजाजत नं. ८२२/०६६/०६७

VISION & VALUE OVERSEAS PVT. LTD.

Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450

Mobile: 9767659357/ 9767659356/ 9767659358 / 9863194834, 9863194832

Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com


# जापानमा मृत्युदण्डको सजाय सुनाइएका कैदीलाई आधा शताब्दीभन्दा बढी समयपछि सफाइ

**सुजुका, जापान–** जापानमा मृत्युदण्डको सजाय सुनाइएका कैदीलाई हत्याको सजाय भोगेको आधा शताब्दीभन्दा बढी समयपछि जापानी अदालतले प्रमाण बनावटी भएको फैसला गर्दै बिहीबार सफाइ दिएको छ । प्रतिकूल स्वास्थ्य अवस्थाले ८८ वर्षीया पूर्वबक्सर इवाओ हाकामादा आफ्नो मुद्दाको फैसला सुन्न अदालतसमक्ष उपस्थित हुन असक्षम भएका छन् । समर्थकहरूले मुद्दा दोहोऱ्याउन गरेको एक दशक लामो अभियानपछि उनलाई अदालतले सफाइ दिएको हो ।

उनकी ९१ वर्षीया दिदीले हाकामादालाई निर्दोष घोषणा गर्ने सिजुओका जिल्ला अदालतका न्यायाधीशसमक्ष गहिरो सम्मान व्यक्त गरेकी छन् । हाकामादाले सन् १९६८ मा आफ्नो मालिक, मालिकको श्रीमती र उनका दुई बालबालिकाको हत्या गरेको अभियोगमा दोषी ठहर गर्दै मृत्युदण्डको सजाय सुनाइएको थियो । अनुसन्धानकर्ताले बनावटी प्रमाण संकलन गरेको र मानसिक र शारीरिक पीडा दिएर अमानवीय ढंगबाट सोधपुछ गरी वयान दिन बाध्य पारेको र त्यसैको आधारमा उनलाई मृत्युदण्डको सजाय दिने फैसला सुनाइएको बिहीबारको फैसलामा उल्लेख छ ।



'अभियोजन पक्षले प्रतिवादीको 'मौन रहने अधिकार'लाई प्रभावकारी रूपमा उल्लंघन गरेर उनको वयान प्राप्त गरेका थिए,' फैसलामा भनिएको छ । यस मुद्दाको फैसला सुन्न सयौं मानिसहरू बिहान अदालतमा जम्मा भएका थिए । 'म अभियोजकको कार्यालयमा गएँ र भनें म १०० वर्षको नभएसम्म हामीलाई लड्न बाध्य नबनाउनुहोस्,' फैसलाअघि हिंडेकोले सञ्चारकर्मीसँग बताए । मृत्युदण्डको सजाय कायम राख्ने संयुक्त राज्य अमेरिकाबाहेक जापान एकमात्र प्रमुख औद्योगिक लोकतन्त्र हो, जसलाई व्यापक सार्वजनिक समर्थन गरिएको छ ।

जापानको युद्धपछिको इतिहासमा पुनःमुद्दा चलाउने पाँचौं मृत्युदण्डको सजाय सुनाइएको कैदीमध्ये हाकामादा एक हुन् । यसभन्दा अघिल्लो सबै चारवटा मामिलाहरू पनि निर्दोष ठहरिएका थिए । सन् २०१८ मा एएफपीलाई निर्दोष सावित गर्ने आफ्नो लडाइँको वर्णन गर्दै हाकामादाले आफूले 'हरेक दिन एउटा लडाइँ लडिरहेको' महसुस गरेको बताएका थिए । समर्थकहरूले बिहीबार उनको टेलिभिजनको रिमोट कन्ट्रोलबाट ब्याट्रीहरू निकालिदिएकाले हाकादामालाई आफ्नो मुद्दाको फैसलाबारे ज्ञान नभएको जापानी सञ्चारमाध्यमले जनाएका छन् ।

सर्वोच्च अदालतले सन् १९८० मा हाकामादालाई मृत्युदण्डको सजाय दिएको थियो तर उनका समर्थकहरूले मुद्दा पुनः दोहोऱ्याउन दशकौंसम्म संघर्ष गरे । सन् २०१४ मा मुद्दा पुनः सुरु गर्न अदालतबाट स्वीकृत भएपछि हाकामादा जेलबाट रिहा भए । यद्यपि, मुद्दा पुनः सुरु हुन गत वर्षसम्म लाग्यो । 'यति लामो समयसम्म, हामीले अनन्त लडाइँ लडेको महसुस गरेको छौं,' हिडेकोले जुलाईमा भनेका थिए ।

हाकामादाले सुरुमा सन् १९६६ मा पीडितलाई लुटेको र हत्या गरेको कुरा अस्वीकार गरेका थिए तर पछि प्रहरीको क्रूर सोधपुछपछि उनले कसुर स्वीकार गरे । 'फ्री हाकामादा नाउ' भन्दै टि-सर्ट लगाएका समर्थक अत्सुसी जुकेरानले अदालतबाहिर बताए, 'यो मुद्दा 'जापानको आपराधिक न्यायप्रणाली कसरी परिवर्तन हुनुपर्दछ' भन्ने पीडादायी सम्झना हो ।' युनुसले रोहिंग्या समुदायको हेरचाहका लागि बंगलादेशलाई अन्तर्राष्ट्रिय समुदायको निरन्तर प्रयासको खाँचो रहेको बताए । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १६०७०० | प्रति तोला - ० | प्रति तोला - १९५५ |



**चौरी चरन** | मुस्ताङको थासाङ गाउँपालिका-२ को बुकी पाटनमा धौलागिरी हिमशृंखलाको चरनक्षेत्रमा रहेका चौंरीहरू । यहाँ परम्परागत रूपमा गोठ राखेर चौंरीपालन हुँदै आएको छ। *तस्बिरः कमल खत्री/रासस*

केन्द्रीय बैंक विवरण

## शोधनान्तर स्थिती ४० अर्ब ९० करोड बचतमा

■ प्रभाव संवाददाता



**काठमाडौं-** चालु आर्थिक वर्षको पहिलो महिना अर्थात् गत साउनमा शोधनान्तर स्थिति रु ४० अर्ब ९० करोडले बचतमा रहेको नेपाल राष्ट्र बैंकले जनाएको छ ।

केन्द्रीय बैंकले बिहीबार सार्वजनिक गरेको विवरण अनुसार, शोधनान्तर स्थिती बचतमा रहेको उल्लेख छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु ३६ अर्ब ४३ करोडले बचतमा रहेको थियो । यस्तै, चालु खाता रु ३० अर्ब ८९ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु १३ अर्ब ३७ करोडले बचतमा रहेको थियो ।

समीक्षा अवधिमा खुद पुँजीगत ट्रान्सफर रु २२ करोड ३२ लाख कायम भएको छ भने प्रत्यक्ष वैदेशिक पुँजी लगानी आप्रवाह रु ७९ करोड ९८ लाख रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद पुँजीगत ट्रान्सफर रु २७ करोड २६ लाख कायम भएको थियो भने प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह (इक्विटि मात्र) रु दुई अर्ब ६५ करोड रहेको थियो ।

चालु आवको पहिलो महिनामा कूल वस्तु निर्यात नौ दशमलव छ प्रतिशतले घटी रु १२ अर्ब २३ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यातमा आठ दशमलव सात प्रतिशतले कमी आएको थियो । यस्तै, कूल वस्तु आयातमा शून्य दशमलव छ प्रतिशतले कमी आई रु एक खर्ब २८ अर्ब ३८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयातमा एक दशमलव छ प्रतिशतले कमी आएको थियो ।

वस्तु आयात गरिने मुलुकका आधारमा भारतबाट भएको आयात चार दशमलव चार प्रतिशतले कमी आएको छ भने चीन तथा अन्य मुलुकबाट भएको आयात क्रमशः १२ प्रतिशत र शून्य दशमलव चार प्रतिशतले वृद्धि भएको छ ।

त्यसैगरी चालु आर्थिक वर्ष २०८१-८२ को पहिलो महिना साउनमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ४. १० प्रतिशतमा सीमित रहेको तथ्यांक सार्वजनिक भएको छ । अघिल्लो वर्ष साउनमा मुद्रास्फीति ७. ५२ प्रतिशत थियो । खाद्य तथा पेय पदार्थ समूहको मूल्यवृद्धि बढी भए पनि गैरखाद्य समूहको मूल्य कम बढ्दा मुद्रास्फीति नियन्त्रणमा देखिएको राष्ट्र बैंकले उल्लेख गरेको छ । वार्षिक बिन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति ४.१० प्रतिशत रहेको छ । त्यस्तै विस्तृत मुद्राप्रदाय ०.७ प्रतिशतले घटेको र वार्षिक बिन्दुगत आधारमा यस्तो मुद्राप्रदाय १४.८ प्रतिशतले बढेको राष्ट्र बैंकले जनाएको छ ।

बैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन ०.७ प्रतिशतले घटेको छ र निजी क्षेत्रमा प्रवाहित कर्जा ०.३ प्रतिशतले बढ्दा वार्षिक बिन्दुगत आधारमा निक्षेपको वृद्धिदर १४.९ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर ६.२ प्रतिशत रहेको छ ।

## पर्यटकीय राजधानीको अनुभूति हुनेगरी काम गर्छु : *मुख्यमन्त्री पाण्डे*

■ प्रभाव संवाददाता

**लेखनाथ (कास्की)-** गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पर्यटकीय राजधानी घोषणासँगै पोखराको पर्यटन विकासका लागि सक्दो प्रयास गरिरहेको बताएका छन् ।

सामाजिक उत्तरदायित्व अध्ययन केन्द्रको संयोजनमा बिहीबार पोखरामा आयोजित पर्यटन विकासका लागि नवीनतम दृष्टिकोण कार्यशाला गोष्ठीको उद्घाटन गर्दै मुख्यमन्त्री पाण्डेले गण्डकी प्रदेशले आफ्नो दोस्रो पञ्चवर्षीय योजनामा पर्यटकीय राजधानीका रूपमा विकास गर्न आफ्ना कार्यक्रम अगाडि ल्याएको जानकारी दिए ।

सीमित स्रोत साधनबीच पनि यहाँका पर्यटकीय गन्तव्यको संरक्षण, विकास र प्रवर्द्धन गर्न बजेट विनियोजन गरिएको जानकारी दिँदै मुख्यमन्त्री पाण्डेले पोखरामा संसारभरिका नागरिकलाई आकर्षित गर्ने थलोका रूपमा विकास गर्ने बताए । यहाँ आउने पर्यटकका लागि सडक र हवाई मार्ग सहज बनाउनुका साथै उनीहरू स्वतन्त्र रूपमा घुम्न पाउने वातावरण सरकार र पर्यटन व्यवसायीले बनाउनुपर्नेमा उनले जोड दिए ।

विदेशी पर्यटक ट्रेकिङ, प्राकृतिक सुन्दरता, धार्मिक तथा साहसिक खेलका लागि नेपाल आउने गरेकाले प्रकृतिको धनी पोखरालाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न प्रदेश सरकारले बढीभन्दा बढी बजेट विनियोजन गरेको मुख्यमन्त्री पाण्डेले बताए । भारतीय धार्मिक पर्यटकलाई लक्षित गरी नवलपुरको त्रिवेणीदेखि मुस्ताङको मुक्तिनाथ मन्दिरसम्म गौरवको योजनाअन्तर्गत सडक मार्ग निर्माण कार्यलाई अगाडि बढाइएको र गण्डकी प्रदेशबाट सातवटै प्रदेशमा हवाई यातायात सञ्चालन गर्ने तयारी भइरहेको उनको भनाइ थियो ।

त्यसैगरी, पोखराको अन्तर्राष्ट्रिय विमानस्थललाई सञ्चालन गर्न आफैंले विभिन्न देशका प्रतिनिधि र एयरलायन्स कम्पनीसँग कुराकानी गरिरहेको मुख्यमन्त्री पाण्डेले जानकारी दिए । पर्यटकीय पदमार्ग सडकका कारण लोप हुँदै गएकाले गण्डकी प्रदेश सरकारले कास्कीको माछापुच्छ्रे सर्किटलाई नयाँ पदमार्गका रूपमा विकास गर्न लागेको जानकारी दिँदै उनले कास्कीबाट मनाङ जान कास्कीका उत्तरपूर्वी गाउँबाट मनाङ जाने पदमार्गको खोजी भइरहेको बताए । पर्यटक लक्षित गरी सबैभन्दा उच्च स्थान मनाङमा हाइअल्टिच्यूट खेलमैदानको निर्माण कार्य प्रदेश सरकारका तर्फबाट भइरहेको मुख्यमन्त्री पाण्डेले बताए । पोखरालाई योग शिविरका रूपमा विकास गरी विदेशी पर्यटक तान्न सकिने उनको भनाइ छ ।

गण्डकी प्रदेश सरकारका पूर्वमुख्यमन्त्री खगराज अधिकारीले गण्डकी प्रदेश सरकारले पर्यटन नीति बनाएर विदेशी पर्यटक बढीभन्दा बढी भित्र्याउने वातावरण सृजना गर्नुपर्नेमा जोड दिए । विविधतापूर्ण नेपालमा आउने विदेशी पर्यटकको संख्या अत्यन्तै न्यून भएकाले भारत र चीनबाट मात्र पर्यटक तान्न सके पनि पोखरामा लाखौं पर्यटक भित्र्याउन सकिने उनको भनाइ छ ।

पर्यटनविज्ञ विश्वास गौचनले पर्यटनका लागि सामाजिक उद्यमशीलता र नवप्रवर्तन विषयमा आधारपत्र प्रस्तुत गर्दै पर्यटकीय रूपमा सम्भावना नै सम्भावना रहेको गण्डकी प्रदेशमा स्थानीय उत्पादनलाई पर्यटनसँग जोडेर अगाडि बढ्न जरुरी भएको बताए । 'विविधतापूर्ण नेपालमा जुन रूपमा विदेशी पर्यटक आउनुपर्ने थियो त्यो संख्या अत्यन्तै न्यून हो, हामीले पर्यटन विकासका लागि खर्च गरेको रकम पनि सही ठाउँमा नहुँदा पर्यटन क्षेत्रको प्रवर्द्धन हुन सकेको छैन', उनले भने ।

## वीरगञ्जबाट पाँच अर्ब २६ करोडका सामान निर्यात

**वीरगञ्ज (प्रस)-** वीरगञ्ज भन्सार कार्यालयबाट चालु आर्थिक वर्षको भदौ मसान्तसम्ममा रु पाँच अर्ब २६ करोड ३७ लाख १० हजार मूल्य पर्ने सामान निर्यात भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा रु पाँच अर्ब २ ९ करोड ३८ लाख २४ हजार मूल्य बराबरको सामान निर्यात भएको थियो । वीरगञ्ज भन्सार कार्यालयका प्रमुख प्रशासक दीपक लामिछानले रु ४९ करोड ५९ लाख २८ हजार मूल्यपर्ने ६९ लाख ५३ हजार किलोग्राम पिना निर्यात भएको जानकारी दिए ।

## नेप्से परिसूचक ओरालो लाग्यो

**काठमाडौं (प्रस)-** धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीबार ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से)का अनुसार परिसूचक ३२ दशमलव ८१ अङ्कले ओरालो लागेर दुई हजार चार सय ८६ दशमलव ७६ मा सीमित भएको छ ।

यस्तै, ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पाँच दशमलव ३४ अङ्कले ओरालो लागेर सात सय ४७ दशमलव ४५ मा सीमित भएको छ । कारोबार भएका १३ उपसमूहमध्ये दुई वटा उपसमूहको शेयर मूल्य उकालो लाग्दा ११ उपसमूहको शेयर मूल्य भने ओरालो लागेको छ । कूल एक करोड ३६ लाख ९१ हजार पाँच सय ९६ कित्ता शेयर रु चार अर्ब ८४ करोड १४ लाख सात हजार सात सय २० मूल्यमा खरिद बिक्री भएको छ ।

नेप्सेका अनुसार विन नेपाल लघुवित्त नौ दशमलव ८५, बोटलर्स नेपाल बालाजु पाँच दशमलव शून्य छ, एसबिएल डिवेञ्चरका लगानीकर्ताले पाँच दशमलव शून्य पाँच प्रतिशत कमाएका छन् ।

सभ्य रूपमा चाडपर्व मनाऔं

- चाडपर्वमा तडक-भडकसहितका खर्चिला कार्यक्रमहरु नगरौं ।
- चाडपर्वमा जुवातास नखेलौं र मद्यपान नगरौं ।
- संस्कृति र परम्परा जोगाऔं, चाडपर्वको मौलिक पक्षको संरक्षण गरौं ।
- सबैको चाडपर्व एवम् संस्कृतिको सम्मान गरौं ।
- चाडपर्व मनाउँदा सामाजिक सद्भाव कायम राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## क्षति पुगेका घरपरिवारलाई क्षतिपूर्ति दिइने

■ प्रभाव संवाददाता




**दमौली (तनहुँ)-** तनहुँ जलविद्युत् आयोजनाको संरचना निर्माणका क्रममा विस्फोट गर्दा क्षति भएका घरलाई क्षतिपूर्ति वितरण गरिने भएको छ । निर्माणाधीन एक सय ४० मेगावाट क्षमताको जलविद्युत् आयोजनाको चरण-१ अन्तर्गत संरचना निर्माणका लागि विस्फोट गर्दा सो आसपासका घर तथा भौतिक संरचनामा पुगेको क्षतिको मूल्यांकन गरी क्षतिपूर्ति वितरण गर्न लागिएको हो ।

क्षतिको असर र मूल्याङ्कन गरी क्षतिपूर्ति रकम सिफारिस गर्न तनहुँका सहायक प्रमुख जिल्ला अधिकारी कमलराज भण्डारीको संयोजकत्वमा गठित उपसमितिको बैठक सम्पन्न भएसँगै सङ्कलन भएका विवरणअनुसार मूल्याङ्कन थालिएको जलविद्युत् आयोजनाका प्रमुख श्यामजी भण्डारीले जानकारी दिए ।

बैठकमा निर्माणका कारण ऋषिङ गाउँपालिका-१ का ९८ परिवार र व्यास नगरपालिका-५ बेतेनीका २० गरी ११८ परिवारका घर तथा संरचनाको मूल्याङ्कन गरी तयार गरिएको प्रतिवेदनमाथि छलफल गरिएको भण्डारीले बताए। उनले भने, 'मूल्याङ्कन प्रतिवेदनलाई अन्तिम रूप दिई क्षतिपूर्ति निर्धारण समितिसमक्ष पेस गर्ने निर्णय भएको छ ।' यसैबीच, आयोजनाको बाँध निर्माणस्थल भन्दा माथिल्लो तटीय क्षेत्रमा पर्ने ऋषिङ-१ लोक्माका बासिन्दासँग परामर्श बैठक गरिएको छ ।

लोक्मावासीलाई दमौली क्षेत्रमा आवतजावत गर्न सहजीकरण गर्ने उद्देश्यले गरिएको परामर्श बैठकमा बाँध निर्माणस्थल क्षेत्रबाट सुरक्षित रूपमा आवतजावत गर्न विभिन्न विकल्पमा छलफल गरिएको भण्डारीले जानकारी दिए । उनले भने, 'दैनिक रूपमा आवतजावतका लागि स्थानीयवासीले बाँध निर्माणस्थलको बायाँतर्फ व्यवस्था गरिएको सटल ट्रकको प्रयोग गर्ने सहमति भएको छ । निर्माण व्यवसायी सोङ्दा कालिकाले सटल ट्रकको व्यवस्था गरेर सुरक्षा मापदण्डहरू पूर्ण रूपमा पालना गरी स्थानीयलाई समूहगत रूपमा हरेक दिन बिहान ८ बजे, ११ बजे, दिउँसो १:३० बजे, ३ बजे, साँझ ५ बजे र साँझ ७ बजे आवतजावत गराउने सहमति भएको छ।'

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ